# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २५२ | काठमाडौं | बिहीबार, २८ पुस २०७९ | Prabhab National Daily | Thursday, January 12, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

# प्रदेश हाँक्ने मुख्यमन्त्री

■ जेबी योञ्जन

**काठमाडौं–** संघीयतापछिको दोस्रो कार्यकालका लागि सातै प्रदेशमा नयाँ मुख्यमन्त्री नियुक्त भएका छन्। बुधबार मधेस, लुम्बिनी, कर्णाली र सुदूपश्चिम प्रदेशमा नयाँ नियुक्त भएसँगै सातवटै प्रदेशले मुख्यमन्त्री पाएका हुन् । प्रदेश १, बागमती र गण्डकीमा यसअघि नै मुख्यमन्त्री नियुक्त भइसकेका थिए । मधेस प्रदेशबाहेक प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कम्युनिस्ट मुख्यमन्त्री भएका छन् ।

नवनियुक्त मुख्यमन्त्रीहरू सबै नयाँ हुन् । यसअघि प्रदेश सरकारको मुख्यमन्त्री भएको अनुभव कुनै पनि मुख्यमन्त्रीलाई छैन । गत ४ मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनपछि बनेको एमाले र माओवादीसहितको गठबन्धनले प्रदेश सरकार गठन गरेको हो ।

गठबन्धनको मुख्य दल नेकपा एमालेले प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा मुख्यमन्त्री पाएको छ । अर्को दल नेकपा माओवादी केन्द्रले बागमती र कर्णालीमा तथा जसपाले मधेस प्रदेशमा मुख्यमन्त्री पाएका छन् ।

प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एमाले, बागमती र कर्णालीमा माओवादी तथा मधेस प्रदेशमा जसपाका मुख्यमन्त्री




### हिक्मत कार्की

प्रदेश १ का चौथो मुख्यमन्त्री बनेका छन्- हिक्मत कार्की। यो प्रदेशमा पहिलो मुख्यमन्त्री शेरधन राई, दोस्रो भीम आचार्य र तेस्रो मुख्यमन्त्री राजेन्द्रकुमार राई हुन् । शेरधन, भीम र हिक्मत तिनै जना नेकपा एमालेका हो । राजेन्द्र भने एमालेबाट अलग भएर बनेको दल नेकपा एकीकृत समाजवादीबाट मुख्यमन्त्री भएका हुन् ।

चौथो मुख्यमन्त्री बनेका कार्कीले पद तथा गोपनीयताको शपथ लिएर पदभार सम्हालिसकेका छन् । यही २४ पुसमा एमाले, माओवादी, राप्रपा र जसपाका गरी ६० सांसदको समर्थनमा उनी मुख्यमन्त्री भएका हुन् ।

अनेरास्ववियुबाट उनले २०३६ सालदेखि राजनीति सुरू गरेका थिए। झापाको गौरादका उनी नेपाल ल क्याम्पसको स्ववियु सभापति हुँदै अन्ततः अनेरास्ववियुको केन्द्रीय कमिटी अध्यक्षसमेत भइसकेका छन् । उनी हाल पार्टीको स्थायी कमिटी सदस्य हुन् ।

उनको चुनाव क्षेत्र एमाले अध्यक्ष केपी शर्मा ओलीको संसदीय क्षेत्र झापा- ५ को (१) हो । यसअघि २०७४ सालमा पनि उनी यही चुनाव क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । लामो समय उनी शेरधन नेतृत्वको सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री भए । यसपटक भने उनी बढोत्तरी हुँदै मुख्यमन्त्री भएका हुन् ।

### सरोजकुमार यादव

भौगोलिक पहिचानको आधारमा नामकरण भएको मधेसमा सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका छन् । उनी जनता समाजवादी पार्टी (जसपा)का नेता हुन् । यसअघि उनी मधेस प्रदेशसभामा सभामुख थिए ।

बहालवाला मुख्यमन्त्री मोहम्मद लालबाबु राउतलाई पन्छाउँदै उनी सदन सञ्चालनको अनुभवपछि प्रदेश सरकार सञ्चालन गर्न आइपुगेका हुन् ।

यादव दुईपटक संघीय सरकारको राज्यमन्त्री भइसकेका छन् । जनतासँग भिजेर काम गरेको उनीसँग अनुभव छ । बाबु परमानन्दप्रसाद यादवको पदचाप पछ्याउने क्रममा उनी २४ वर्षमै बाराको तत्कालीन हरिहरपुर गाविस अध्यक्ष २०५५ सालमा निर्वाचित भए । यसरी नागरिकको घर नजिकको सरकारदेखि संघीय सरकार हुँदै प्रदेश सरकारको नेतृत्वमा यादवको आगमन भएको हो ।

यादव २०७४ मा पनि बाराकै प्रदेशसभा (२) बाट मधेस प्रदेशमा निर्वाचित भएका थिए । यसपटक उनी नेकपा एमालेसँगको गठबन्धनबाट निर्वाचित (**बाँकी पृष्ठ २ मा**)

## मुख्यमन्त्रीका ७ कार्यभार

मुलुकमा संघीयता कार्यान्वयनपछि दोस्रो कार्यकालका लागि सातवटै प्रदेशमा मुख्यमन्त्री चुनिएका छन् । संघीयतामा प्रदेशलाई नै मुख्य संरचना मानिन्छ। त्यसैले संघीयतालाई स्थापित गर्न प्रदेश सरकारको भूमिका महत्त्वपूर्ण हुने विज्ञहरू बताउँछन् ।

संघबाट संविधानबमोजिमका अधिकारहरू प्रत्यायोजन नहुँदा प्रदेशको औचित्यतामाथि नै प्रश्न उठिरहेको सन्दर्भमा नवनिर्वाचित मुख्यमन्त्रीहरूलाई काम गरेर देखाउनुपर्ने चुनौती औंल्याइएको छ । आगामी पाँच वर्षमा प्रदेशलाई सबल र प्रभावकारी बनाउनुपर्ने जिम्मेवारी उनीहरूलाई छ ।

यसैबीच संघीयताविज्ञ तथा राष्ट्रियसभा सदस्य डा. खिमलाल देवकोटाले नयाँ मुख्यमन्त्रीहरूका लागि सात कार्यभार सुझाएका छन् । उनले दिएका सात बुँदे सुझावमा प्रदेशमा मन्त्रालयको संख्या घटाउनुपर्ने, प्रदेश लोकसेवा आयोगलाई क्रियाशील गर्नुपर्ने, प्रदेशको बजेटसहितको नीति तथा कार्यक्रम जनमुखी बनाउनुपर्ने, अन्तरपालिकास्तरीय योजना सञ्चालन गर्नुपर्ने, प्रदेशको एकल अधिकार र साझा अधिकारका कानुन बनाउनुपर्ने, आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनुपर्ने तथा वित्तीय अनुशासन र सुशासनमा जोड दिनुपर्ने रहेका छन् ।

---

**सन्दर्भ : वैदेशिक रोजगार**

# सामाजिक सञ्जालमा वैदेशिक रोजगारीको विज्ञापन गरी ठगी

■ प्रभाव संवाददाता

**काठमाडौं–** सामाजिक सञ्जालमा वैदेशिक रोजगारीको आकर्षक विज्ञापन गरी ठगीमा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। आकर्षक तलब सुविधामा फ्रान्स, स्वीट्जरल्याण्डलगायतका देशमा रोजगारीको अवसर रहेको भन्दै विज्ञापन गरी ठगी गरेको आरोपमा प्रहरी उनलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा सुर्खेतको भेरीगंगा नगरपालिका-३ घर भई काठमाडौं नागार्जुन रानीपाटी बस्ने २३ वर्षीय मनम घर्ती रहेका छन् ।

घर्तीले सामाजिक सञ्जाल फेसबुक, ह्वाट्सएप, आइएमओ जस्ता एपहरूको दुरूपयोग गरी आकर्षक तलबमा विकसित देशहरूमा रोजगारीको अवसर रहेको भन्दै विज्ञापन राखी सम्पर्कमा आएका व्यक्तिहरूसँग बैंक खातामा रकम जम्मा गर्न लगाउने गरेको प्रहरीले जनाएको छ। पीडितहरूको नागरिकता तथा राहदानीलगायत कागजातको प्रतिलिपी मोबाइल सेवा प्रदायक कम्पनीहरूमा पेस गरी सिम डुप्लिकेसनको माध्यमबाट पीडितहरूकै मोबाइल बैकिङमा पहुँच पुऱ्याएर रकम अन्यत्र ट्रान्सफर गरी ठगी गर्ने कार्यमा उनको संलग्नता पाइएको प्रहरीले जनाएकोछ ।

घर्तीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। उनले पीडितकै मोबाइल नम्बर निकाली उक्त सिमकार्डबाट पीडितहरूको मोबाइल बैंकिङ एक्टिभ गरी ओटिपी कोड दुबईमा भएका शेरबहादुर चौधरीलाई पठाउने गरेको र पीडितहरूको मोबाइल बैंकिङमा पहुँच पुऱ्याइ रकम ट्रान्सफर गरी सिमकार्ड नष्ट गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको प्रहरीले जानकारी दिएको छ।

> फ्रान्स, स्वीट्जरल्याण्ड लगायतका देशमा पठाउने प्रलोभनमा पारी ठगी गरेको आरोपमा एक जना पक्राउ

घर्तीले पीडितहरूलाई ह्वाट्सएपमार्फत सक्कल नागरिकता, बैंक स्टेटमेण्टलगायतका कागजातहरू तयार पार्नु भनी कल गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ। काठमाडौंका विभिन्न स्थानबाट धिरेन मगर नाम गरेको व्यक्तिलाई कागजतपत्र संकलन गर्न खटाउँदै आएकोसमेत खुलेको छ। उनलाई ठगी कसूरमा थप अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको मिनभवन कार्यालयले जनाएको छ।

केही दिनअघि प्रहरीले वैदेशिक रोजगारीका लागि फिनल्याण्डमा आकर्षक तलब सुविधा हुने प्रलोभन देखाई विभिन्न व्यक्तिहरूलाई ठगी गरेको आरोपमा काठमाडौं जोरपाटी बस्दै आएकी म्याग्दी मालिका-१० स्थायी घर भएकी २६ वर्षीया मनिषा पुनलाई पक्राउ गरेको थियो। उनले फिनल्याण्ड पठाइदिने भन्दै सामाजिक सञ्जालमार्फत सम्पर्क भएका विभिन्न व्यक्तिसँग आफ्नो बैक खातामा सात लाख रूपैयाँ जम्मा गर्न लगाई फरार भएको आरोपमा प्रहरीले काठमाडौंबाट पक्राउ गरेको थियो।

पुनले पनि पीडितहरूलाई सामाजिक सञ्जाल फेसबुक, आइएमओ, ह्वाट्सएपमार्फत शैक्षिक योग्यताको प्रमाणपत्र, राहदानीको फोटोलगायत कागजात पठाउन लगाई फिनल्याण्डमा मासिक एक लाख ४२ हजार रूपैयाँ (एक हजार ५० युरो) कमाइ हुने प्रलोभन देखाई पैसा प्राप्त भएपछि सम्पर्कमा नबसी फरार भएको अवस्थामा पक्राउ परेको प्रहरीले उल्लेख गरेको छ। आकर्षक आम्दानीको लोभ देखाएर विदेश पठाइदिने नाममा ठगी गरेको पाइएकाले उनलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए।

## अभिमुखीकरण तालिम केन्द्रमा विभागको छापा

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले बाँसबारीस्थित एक अभिमुखीकरण तालिम केन्द्रमा छापा मारेको छ। मलेसियालगायत विभिन्न मुलुकमा आकर्षक तलब सुविधाको प्रलोभनमा पारी लाखौं रूपैयाँ उठाइरहेको सूचनाको आधारमा विभागले 'सी स्टार सिपिङ सर्भिस एण्ड ट्रेनिङ सेन्टर'मा छापा मारेको हो।

तालिम सञ्चालनका नाममा उक्त सेन्टरले गैरकानुनीरूपमा वैदेशिक रोजगारसम्बन्धी शंकास्पद गतिविधि गरिरहेको जानकारीका आधारमा छापा मारेको विभागले जनाएको छ । गत आइतबार विभागले आकस्मिकरूपमा छापा मारी अनधिकृत गतिविधिमा संलग्न रहेको पाइएको भन्दै करिब ९९७ थान पासपोर्ट र चार जना कर्मचारीलाई नियन्त्रणमा लिएको उल्लेख गरेको छ । पक्राउ परेका चार जनालाई आवश्यक अनुसन्धानका लागि बानेश्वर प्रहरी वृत्तमा राखिएको विभागले जनाएको छ । तालिम केन्द्रका प्रमुख सञ्चालकहरूको खोजी भइरहेको बताइएको छ ।

तालिम केन्द्रले वैदेशिक रोजगारीका लागि मलेसिया, मकाउ, लिथोनिया पठाइदिने प्रलोभन दिएर एक लाखदेखि पाँच लाख रूपैयाँसम्म रकम उठाइरहेको भन्ने पीडितहरूले दिएको उजुरीका आधारमा ऱ्यापिड रेस्पोन्स टिम (आरआरटी)ले तत्कालै छापा मारेको विभाग एक कर्मचारीले बताए । उनका अनुसार तालिम केन्द्रका सञ्चालक लालबहादुर लामा लामो समयदेखि सम्पर्कविहीन छन्। प्रहरीले उनको खोजी तथा ठगी कसूरमा अनुसन्धान अघि बढाएको जनाएको छ।

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको**
**निर्वाचन समिति २०७९ बाट प्रकाशन गरिएको**

**निर्वाचन कार्यतालिका**

**संघको मिति :२०७९/१०/६ गते हुने कार्य समितिको निर्वाचनका लागि यस वमोजिमको निर्वाचन कार्यक्रम तय गरिएको जानकारी गराईन्छ ।**

| निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|
| मतदाता नामावली प्रकाशन | २०७९/९/२८ | विहान १० बजे | संघको कार्यालय |
| मतदाता नामावलीमा दावि | २०७९/९/२८ | विहान १० देखि १ बजेसम्म | संघको कार्यालय |
| अन्तिम मतदाता नामावली प्रकाशन | २०७९/९/२८ | साँझ ५ वजे | संघको कार्यालय |
| उम्मेदवारी दर्ता | २०७९/९/२९ | विहान ९ बजेदेखि १२ बजेसम्म | संघको कार्यालय |
| उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन | २०७९/९/२९ | दिनको १२:३० वजे | संघको कार्यालय |
| उम्मेदवारी उपर दावि विरोध | २०७९/९/२९ | दिनको १२:३०देखि २:०० बजेसम्म | संघको कार्यालय |
| दाबि उपर बुझि निर्णय प्रकासन | २०७९/९/२९ | दिनको ४:०० बजे | संघको कार्यालय |
| उम्मेदवारी फिर्ता | २०७९/९/२९ | दिउसो ४:०० देखि ५ बजेसम्म | संघको कार्यालय |
| उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७९/९/२९ | साँझ ५:३० वजे | संघको कार्यालय |
| मतदान प्रारम्भ | २०७९/१०/६ | साधारण सभा पछि | अनुपम फुडल्याण्ड |
| मत गणना प्रारम्भ | २०७९/१०/६ | मतदान सम्पन्न भए पछि | अनुपम फुडल्याण्ड |
| निर्वाचन परिणाम घोषणा | २०७९/१०/६ | मतगणना सम्पन्न भएपछि | अनुपम फुडल्याण |



**पाँचमाने** | तारकेश्वर नगरपालिका–३ को धार्मिक एवं पर्यटकीयस्थल पाँचमाने । बुद्धको उपमा पाएका अतिश दीपंकर केरुङको बाटो तिब्बत जाने क्रममा सन् १०४० मा जितपुरफेदी पुगेका थिए । त्यहाँ केही समय बिताउँदा उनले पाँचवटा माने (बुद्धको थुम्का) स्थापना गरेको इतिहास छ । *तस्बिरः हरिराम भेटुवाल/रासस*

## कामपाको प्रक्षेपण

# आगामी तीन वर्षमा साढे ३८ अर्ब आय

■ प्रभाव संवाददाता




**काठमाडौं–** काठमाडौं महानगरपालिकाले आगामी तीन आर्थिक वर्षमा साढे ३८ अर्बभन्दा बढीको आय गर्ने प्रक्षेपण गरेको छ । कामपाले आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ का लागि ३८ अर्ब ५८ करोड ८० लाख बराबरको आय प्रक्षेपण गरेको हो ।

आव २०८०/८१ को आय ११ अर्ब ८० करोड २० लाख, आव २०८१/८२ को १३ अर्ब १२ करोड ३० लाख तथा आव २०८२/८३ को १३ अर्ब ६६ करोड ३० लाख रूपैयाँ प्रक्षेपण गरिएको छ । संघीय सरकार, प्रदेश सरकार र अन्य निकायबाट प्राप्त हुने, ससर्त तथा निःशर्त अनुदान, राजस्व बाँडफाँट, रजिस्ट्रेसन दस्तुर, मूल्य अभिवृद्धि करलगायत शीर्षकको सिलिङ प्राप्त नभएकाले प्रक्षेपण गरिएको अंक थपघट हुनसक्ने कामपा राजस्व विभागका प्रमुख डा. शिवराज अधिकारीले जानकारी दिए ।

विगत तीन वर्ष कोरोनाका कारण अपेक्षाकृतरूपमा राजस्व संकलन हुन नसके पनि आगामी वर्षमा लक्ष्यअनुरूप आय हुने विश्वास कामपाले लिएको छ । चालु आवका लागि कामपाले १० अर्ब ३९ करोड रूपैयाँ राजस्व असुल गर्ने लक्ष्य लिएकामा यही पुस १५ सम्ममा चार अर्ब ३४ करोड रूपैयाँ असुल गरिसकेको अधिकारीले बताए । गत आवको सोही अवधिमा तीन अर्ब ६९ करोड रूपैयाँ राजस्व जम्मा भएको थियो । गत वर्षको तुलनामा सोही अवधिमा यस वर्ष एक करोड रूपैयाँले बढी राजस्व असुल गर्न सफल भएको अधिकारीले जानकारी दिए । गत आवमा कोरोनाको त्रास कायमै रहेकाले नौ अर्ब आठ करोड रूपैयाँ मात्र राजस्व असुलीको लक्ष्य लिइएको थियो ।

विगत वर्षमा कोरोनाका कारण राजस्व असुलीमा केही समस्या आए पनि यस वर्ष हालकै अवस्थामा राजस्व असुलउपर भए लक्ष्यमा पुग्न कुनै समस्या नहुने डा. अधिकारीको भनाइ छ । 'यस वर्ष कामपाका लागि बाहय अनुदान रकम कम छ । आन्तरिक राजस्व असुलमा खासै समस्या छैन,' उनले भने ।

पछिल्लो समय कमपाले राजस्व संकलनका लागि थप कडाइ गरेको छ । मुख्यगरी सम्पत्ति कर, घरबहाल घर, व्यवसाय कर, विज्ञापन कर, मनोरञ्जनक कर, भूमिकर, मूल्य अभिवृद्धि कर र सवारीसाधन करसहित ३६ शीर्षकमा कामपाले राजस्व असुल गर्दै आएको छ । यसैगरी आव २०८०/८१ का लागि सम्पत्ति करमा पुनरवलोकन गर्ने कामपाको तयारी छ । यो सडकको पहुँच र प्रकृतिका आधारमा निर्धारण हुने भएकाले वडा कार्यालयबाट छलफल चलाएर सडकको प्रकृति सिफारिस गर्न अनुरोध गर्ने निर्णय गरिने बताइएको छ । कामपाले विगत सात वर्षदेखि सम्पत्ति करमा पुनरवलोकन गरेको छैन । कामपाको राजस्व ऐन २०७५ को दफा ८ (१) मा हरेक दुई वर्षमा कर पुनरवलोकन गर्न सकिने व्यवस्था छ ।

## प्रदेश हाँक्ने...

पृष्ठ १ बाट जारी

भएका हुन् । यादवले आगामी साढे दुई वर्ष मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्ने छन् । सत्ता गठबन्धनमा भएको सहमतिअनुसार साढे दुई वर्षपछि जनमत पार्टीका महेश यादवलाई मुख्यमन्त्री पद छाड्नुपर्नेछ । उक्त प्रदेशमा जसपा र जनमतले आधा-आधा कार्यकाल सरकार चलाउने सहमति भएको हो ।

### शालिकराम जम्कट्टेल

देशमा प्रजातन्त्रको पुनर्वहाली भएकै वर्ष २०४७ सालमा ललितपुरको काभ्रे आइरन उद्योगमा मजदुरको रूपमा काम गरेका शालिकराम जम्कट्टेल बागमती प्रदेशको मुख्यमन्त्री बनेका छन् । उनी बागमतीका चौथो मुख्यमन्त्री हुन् । यहाँका पहिलो मुख्यमन्त्री डोरमणि पौडेल, दोस्रो अष्टलक्ष्मी शाक्य र तेस्रो मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे हुन् । पौडेल र शाक्य एमालेबाट मुख्यमन्त्री भएका हुन् । पाण्डे नेकपा एकीकृत समाजवादी र जम्कट्टेल माओवादी केन्द्रबाट मुख्यमन्त्री भएका हुन् । बागमतीमा हालसम्म सबै कम्युनिस्ट मुख्यमन्त्री बनेका छन् ।

चौथो मुख्यमन्त्री जम्कट्टेलले राजनीतिक जीवन आइरन उद्योगमै कार्यरत रहँदा कम्युनिस्ट पार्टीको मजदुर संगठनमा आबद्ध भएर सुरू गरेका थिए । सामाजिक सुरक्षा कोष, श्रम ऐन र न्यूनतम वेतन लागू गराउने जस उनलाई जाने गरेको छ । धादिङका उनी बागमती सरकारमा ४२ महिना आन्तरिक मामिला तथा कानुनमन्त्री र १५ महिना आर्थिक मामिला तथा योजनामन्त्री भए ।

२०६४ सालमा भएको संविधानसभा चुनावमा उनी धादिङ-३ बाट निर्वाचित भएका थिए । पछि २०७० मा भने सोही क्षेत्रमा उनको पराजय भयो । तर, धादिङ-१ को (२) बाट २०७४ र यसपटक निर्वाचित भएका हुन् । यहाँ उनी आलोपालोमा मुख्यमन्त्री भएका हुन् । सत्ता गठबन्धनमा भएको सहमतिअनुसार साढे दुई वर्षपछि उनले एमालेलाई मुख्यमन्त्री छाड्नुपर्नेछ । जम्कट्टेल माओवादी केन्द्रको पोलिटब्युरो सदस्यसमेत हुन् । उनलाई मुख्यमन्त्रीमा एमाले, राप्रपा, नेकपा एस र हाम्रो नेपाली पार्टीको समर्थन छ ।

### खगराज अधिकारी

संघीय सरकारको गृहमन्त्री भइसकेका नेता खगराज अधिकारी गण्डकी प्रदेशको तेस्रो मुख्यमन्त्री भएका छन् । उनी नेकपा एमालेका संगठन विभाग प्रमुख हुन् । स्थायी कमिटी सदस्यसमेत रहेका उनी माओवादी, राप्रपा र नेकपा एसका सांसदहरूको समर्थनमा मुख्यमन्त्री भएका हुन् ।

यो प्रदेशको पहिलो मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ हुन् । एमालेका उनी यसपटक पनि प्रदेश संसद्मा चुनाव जितेर फेरि मुख्यमन्त्री बन्न चाहन्थे । तर, अध्यक्ष केपी शर्मा ओलीले उनलाई टिकट प्रतिनिधिसभा सदस्यका लागि टिकट दिए । चुनाव पनि जिते । ठीक उल्टो खगराज भने संघीय संसद्को सदस्यका लागि चुनाव लड्न चाहन्थे । ओलीले उनलाई प्रदेशमा चुनाव लडाएर अन्ततः मुख्यमन्त्री बनाएका हुन् । यो प्रदेशमा गुरुङपछि कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री भएका थिए । यस पटक अधिकारीसँगै यहाँ माओवादीका हरिबहादुर चुमान पनि मुख्यमन्त्रीका दाबेदार थिए । जो प्रदेश सरकारका पूर्वमन्त्री हुन् । तर, सत्तारूढ दलहरूबीच भागबण्डा गर्दा गण्डकीको मुख्यमन्त्री एमालेलाई पऱ्यो र अधिकारी मुख्यमन्त्रीको कुर्सीमा पुगे ।

उनी पनि विद्यार्थी राजनीतिबाटै संसदीय राजनीतिमा आएका हुन् । उनी ओली नेतृत्वको सरकारमा यसअघि उपप्रधानमन्त्री भएका थिए । लामो समय स्वास्थ्यमन्त्री पनि भए ।

### लीला गिरी

बुद्ध जन्मभूमिसमेत रहेको लुम्बिनीको तेस्रो मुख्यमन्त्री भएका छन्- लीला गिरी । उनी नेकपा एमालेका नेता हुन् । पहिलो मुख्यमन्त्री शंकर पोखरेल र दोस्रो कुलप्रसाद केसी हुन् । पोखरेल एमाले र केसी माओवादी केन्द्रका नेता हुन् । नयाँ जनादेशअनुसार बुधबार मुख्यमन्त्री नियुक्त भएसँगै लुम्बिनीका सबै मुख्यमन्त्री कम्युनिस्ट पृष्ठभूमिका भएका हुन् ।

गिरीलाई राजनीतिप्रति समर्पित, निष्ठावान र इमान्दार छवि भएको नेता मानिन्छ । राजनीतिक जीवनको उत्तरार्द्धमा उनलाई प्रदेशको मुख्यमन्त्री जुरेको हो । उनले विद्यार्थी संगठनदेखि नगर, जिल्ला हुँदै प्रदेशस्थित एमालेको विभिन्न कमिटीको नेतृत्व सम्हालिसकेका छन् ।

हाल उनी एमालेको पोलिटब्युरो सदस्य छन् । पार्टीको लुम्बिनी प्रदेश कमिटी सहइन्चार्जको भूमिकामा पनि छन् । २०७४ सालमा पनि प्रदेशसभामा निर्वाचित भएका थिए । पोखरेल नेतृत्वको प्रदेश सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री भएका थिए ।

उनी पार्टीमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलनिकट मानिन्छन् । उनी गत ४ मंसिरमा भएको निर्वाचनमा रूपन्देही २ को (१) बाट निर्वाचित भएका हुन् । उनलाई एमालेका २९, माओवादीका १०, राप्रपाका चार, नागरिक उन्मुक्तिका चार, जसपाका तीन, जनमतका तीन, लोसपाका तीन र स्वतन्त्र दुई सांसदको समर्थन छ ।

### राजकुमार शर्मा

संसदीय राजनीतिको अनुभवै नभएका माओवादी सांसद राजकुमार शर्मा कर्णाली प्रदेशको मुख्यमन्त्री भएका छन् । बुधबार आफ्नो दल माओवादीसहित एमालेको समर्थनमा उनी मुख्यमन्त्री भएका हुन् । गत ४ मंसिरमा भएको चुनावमा उनी रुकुम पश्चिमको प्रदेशसभा २ बाट निर्वाचित भएका हुन् । उनी पार्टीको पोलिटब्युरो सदस्य हुन् । पार्टीमा उपमहासचिव जनार्दन शर्मानिकट मानिने उनी राजनीतिमा २०४८ सालदेखि सक्रिय छन् ।

१० वर्षे माओवादी सशस्त्र विद्रोह 'जनयुद्ध'मा पनि उनी सहभागी भएका थिए । उनै शर्मा यसअघि जिल्ला समन्वय समिति रुकुम पश्चिमको प्रमुख बने । उनी अढाई वर्षका लागि मुख्यमन्त्री बनेका हुन् । सत्ता गठबन्धनमा भएको सहमतिअनुसार साढे दुई वर्षपछि यहाँ एमालेका यामलाल कँडेल मुख्यमन्त्री बन्ने छन् । यहाँका पहिलो मुख्यमन्त्री माओवादीकै महेन्द्रबहादुर शाही हुन् । दोस्रो मुख्यमन्त्री भने कांग्रेसका जीवनबहादुर शाही भए ।

### राजेन्द्रसिंह रावल

छ प्रदेशले प्रत्यक्ष निर्वाचित सांसदलाई मुख्यमन्त्री पाउँदा सुदूरपश्चिम प्रदेशले भने समानुपातिक सांसदलाई मुख्यमन्त्री पाएको छ । यहाँ नेकपा एमालेबाट राजेन्द्रसिंह रावल बुधबार मुख्यमन्त्री नियुक्त भएका हुन् । उनी लेखक तथा साहित्यकार हुन् । एमालेका पोलिटब्युरो सदस्य तथा सुदूरपश्चिम प्रदेशका सहइन्चार्जको जिम्मेवारीमा छन् ।

उनी तत्कालीन डोटी राज्यको मध्यकालीन इतिहास (१२३५-१७१२) का अध्येता एवं लेखक हुन् । २०५४ सालमा उनी कञ्चनपुरको जिविस उपसभापति भए । रावल पनि आलोपालोमा मुख्यमन्त्री भएका हुन् । उनले साढे दुई वर्ष प्रदेश सरकारको नेतृत्व गरेपछि माओवादीका खगराज भट्ट मुख्यमन्त्री बन्ने सत्ता गठबन्धनमा सहमति भएको छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशमा माओवादीबाट ११, एमालेबाट १०, नागरिक उन्मुक्ति पार्टीबाट सात, जनमतबाट चार र राप्रपाबाट एक गरी ३३ प्रदेशसभा सदस्यको उनलाई समर्थन छ ।

# भूकम्प सुरक्षा दिवस कमलपोखरीमा मनाइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** यस वर्षको २५औं भूकम्प सुरक्षा दिवस कमलपोखरीमा मनाइने भएको छ । आगामी माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउन काठमाडौं महानगरपालिकामा बुधबार भएको छलफलका क्रममा व्यवस्थापन उपसमितिको बैठकले उक्त निर्णय गरेको हो ।

छलफलका क्रममा नगर उपप्रमुख सुनिता डंगोलले दिवसको अवसरमा सुरु हुने कार्यक्रमलाई महानगरले वर्षैभरि सञ्चालन गर्ने जनाउँदै विद्यालयको सुरक्षित भौतिक संरचनाका लागि विद्यालयस्तरमा गएर जानकारी दिइने बताइन् ।

बैठकमा प्रमुख प्रशासकीय अधिकृत बसन्त अधिकारीले मानिसले भूकम्प बिर्सिंदै गएर भवनसंहिता पालनामा पनि लापरवाही गर्न थालेको स्मरण गराए । अनधिकृत संरचना आफैं व्यवस्थापन गर्न सम्बन्धितका नाममा सार्वजनिक सूचना जारी गरिएको र अटेर गर्नेलाई कारबाही प्रक्रिया अगाडि बढाइने महानगरले जानकारी दिएको छ ।

यही पुस १८ गते भूकम्प सुरक्षा दिवस मूल समारोह समितिका संयोजक, उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको संयोजकत्वमा बसेको बैठकले कामपाको संयोजकत्वमा व्यवस्थापन उपसमिति गठन गरेको थियो । त्यसैगरी सहरी विकास तथा भवन निर्माण विभागको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गर्ने निर्णय गरिएको थियो । बैठकले यस वर्षका लागि 'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार' भन्ने नारा तय गरेको छ ।

वि.सं. १९९० माघ २ गतेको विनासकारी भूकम्पले पुऱ्याएको क्षतिको सम्झना गर्दै अबका पुस्ताले यस प्रकारको क्षति व्यहोर्नु नपरोस् भनेर सजग गराइ राख्न यो दिवस मनाउने गरिएको छ ।

वि.सं. २०५५ देखि हरेक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउन थालिएको हो । भूकम्पलाई विज्ञानसँग जोडेर २०५७ सालसम्म विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यक्रम आयोजना गरेको थियो । २०५८ देखि गृहमन्त्रीको संयोजकत्वमा मूल समारोह समिति गठन गरेर दिवस मनाउन थालिएको हो ।


**भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खलंगा, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

**आ.व.२०७९/२०८० को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना**

*तेस्रो पटक प्रकाशित मिति : २०७९/०९/२८*

**स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था** भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्राराम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यको ठेक्का वन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी **भेरी नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ४.९** मा उल्लेखित प्रति ईकाइ दररेटमा विक्री गर्ने गरी वढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र.नं. | संकलन/उत्खन्न गरिने क्षेत्र | अधिकतम उत्खनन तथा विक्री परिणाम (घ.मि) | न्यूनतम ठेक्का अंक रु.(मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| NCB/Riverbed/BM/03/2079/080RE | क्षेत्र ३ (भालु खोला, इम्लिचौर नाका/बडावालुवा नाका) | २२,२०४।- | २४,४२,४४०/- | रु.:३,०००। | |
| NCB/Riverbed/BM/04/2079/080RE | क्षेत्र ४ (खिड खोला, बुंग्रेखोला, खोदा खोला, सिम्ले खोला नाका) | २०,४१५।- | २२,४५,६५०/- | रु.:३,०००। | |

**नोट :** यस सम्बन्धी विस्तृत विवरणका लागि नगरपालिकाको वेभ साइट www.bherimun.gov.np र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# नारायणीमा डल्फिन भेटिएपछि संरक्षणकर्मी उत्साहित

■ टेकराज पोखरेल



**नवलपुर–** नवलपरासी (बर्दघाट-सुस्तापूर्व) र चितवन हुँदै बग्ने नारायणी नदीमा पटक-पटक डल्फिन देखिन थालेका छन् । डल्फिन देखिन थालेपछि यसक्षेत्रका संरक्षणकर्मी उत्साहित बनेका छन् ।

'पछिल्लो एक महिनाको अवधिमा तीन पटक डल्फिन देखियो,' संरक्षणकर्मी टेक महतोले भने, 'यसले हामीलाई निकै हौसला दिएको छ ।' महतोले गत मंसिर १४, पुस १३ र २६ गते नवलपुरको अमलटारीघाटमा डल्फिन देखेको बताए ।

'नारायणी नदीमा डल्फिन छ भनेर हाम्रा बाबुबाजेले भनेको सुन्ने गरेका थियौं,' उनले भने, 'अहिले आफ्नै आँखाले डल्फिन देख्न र फोटो खिच्न पाउँदा निकै खुसी लागेको छ ।' उनले अमलटारीघाटमा मात्रै नभएर कहिले केही तल सेहरी त कहिले पितौजीघाटसम्म देखिने गरेको जानकारीमा आएको बताए ।

'कहिले अमलटारीबाट दक्षिणमा रहेको मध्यबिन्दु नगरपालिकाको नन्दपुर तथा सेहरीमा डल्फिन देखिएको सुन्छु, कहिले उत्तरतर्फ गैंडाकोट नगरपालिकाको पितौजीघाटमा डल्फिन देखिएको खबर आउँछ,' महतोले भने, 'यी सबै ठाउँमा देखिएका डल्फिन एउटै हुन् वा फरक हुन् भन्नेबारे भने अध्ययन हुन सकेको छैन ।' सन् २०१८ मा नारायणीमा डल्फिन देखिएपछि गत वर्षमात्रै चरा गणनाको बेलामा महतोले नै भेलौजी पोस्टनजिक डल्फिन भेटेर फोटो खिचेको स्मरण गरे ।

'सन् २०१८ मा डल्फिन भेटिएको सुनेको थिएँ, त्यसपछि सायद डल्फिन देखिएको थिएन,' उनले भने, 'गत वर्ष चरा गणनाका बेलामा मैले भेलौजी पोस्टनजिक दुई डल्फिन देखेको थिएँ ।' यसपछि भने आफूहरू धेरैपटक डल्फिन देखेको महतोको भनाइ छ । 'हाम्रो नारायणीमा डल्फिन देखिनु गौरवको कुरा हो,' उनले भने, 'डल्फिनलाई नजिकबाट देख्न पाउँदा निकै आनन्द आउँछ ।'

अमलटारीघाटमा पटक-पटक डल्फिन देखिँदा पनि यसको स्थानीय प्रशासनले संरक्षणमा चासो नदेखाएको महतोले गुनासो गरे । 'डल्फिन निरन्तर देखिएको यो क्षेत्रमा माछा मार्ने तथा अन्य गतिविधि हुने गरेको छ,' महतोले भने, 'तर, स्थानीय प्रशासनको संरक्षणमा चासो देखिएन ।' माछा मार्ने बोटेहरूले तियारी जालको प्रयोग गर्दा संरक्षणमा नै चुनौती थपिनसक्ने महतोको भनाइ छ ।

'घडियाल गोहीको मुखमा तियारी जाल अल्झिएको देखेर मैले फोटोसमेत खिचेको छु,' उनले भने, 'संकटापन्न जीवजन्तुको संरक्षणमा सबैको हातेमालो आवश्यक छ ।' एकान्त तथा धेरै हल्ला नहुने क्षेत्रमा डल्फिन भेटिने गरेको भए पनि यस क्षेत्रमा मानवीय क्रियाकलाप बढी हुने उल्लेख गर्दै महतोले यसबारे प्रशासनले कडाइ गर्नुपर्ने बताए ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले नारायणी नदीमा डल्फिन भेटिनु भनेको संरक्षणमा सकारात्मक कुरा भएको बताए । 'यो सकारात्मक कुरा हो, हामीले नदीमा मान्छेको मुभमेन्ट कम गर्न सेना तथा निकुञ्ज प्रशासनको गस्ती बढाएका छौं,' उनले भने, 'नदीमा आश्रित समुदायलाई माछा मार्न दिइएको भए पनि तियारी जाल प्रतिबन्ध गरेका छौं ।' नदीमा तियारी जाल प्रयोग गरेर लुकिछिपी माछा मार्ने व्यक्तिलाई निकुञ्जले निकुञ्ज ऐनअनुसार कारबाही गर्ने गरेको तिवारीले बताए ।

'निकुञ्ज ऐनले नै नदीमा आश्रित बोटेमाझी जातिलाई माछा मार्न दिने व्यवस्था गरेको छ,' उनले भने, 'नदीमा माछा मार्न नयाँ लाइसेन्स दिएका छैनौं, पुरानाको भने नियमित नवीकरण हुने गरेको छ ।' नदीमा घडियालको उपस्थिति कस्तो छ भन्नेबारेमा राष्ट्रियस्तरको सर्वेक्षण हुनुपर्ने सहायक संरक्षण अधिकृत तिवारीले बताए ।

'हामीले घडियाल अनुगमनसँगै डल्फिनको पनि अनुगमन गर्न सक्छौं,' तिवारीले भने, ' अनौपचारिकरूपमा हामीले पनि अध्ययन गरेका छौं, तर विभागले औपचारिक रूपमा गणना गरेको अवस्थामा राम्रो हुन्छ ।' नारायणी नदीमा डल्फिन भेटिँदा संरक्षणसँगै यहाँको पर्यापर्यटनमा सकारात्मक प्रभाव पर्ने संरक्षणकर्मी डिबी चौधरीले बताए ।

'नदीमा डल्फिन देखिने क्रम बढेसँगै यहाँ आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्न सक्छ,' उनले भने, 'यसले संरक्षणसँगै स्थानीयवासीको आयआर्जनमासमेत वृद्धि गर्छ ।' डल्फिन संरक्षणका लागि संरक्षणकर्मीसँगै सरकारी र समुदायको समेत महत्त्वपूर्ण भूमिका रहने चौधरीले बताए । *रासस*

## ४३ प्रजातिका चरा भेटिए

यस वर्षको जलपक्षी गणनाका क्रममा नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)मा ४३ प्रजातिका चरा भेटिएका छन् । चितवन राष्ट्रिय निकुञ्ज पश्चिम सेक्टरका पक्षी गणना संयोजक डिबी चौधरीले यस वर्ष नवलपुर क्षेत्रमा ४३ प्रजातिका चरा भेटिएको जानकारी दिए ।

'गत वर्षको पक्षी गणनामा ३८ प्रजातिका पक्षी भेटिएका थिए, यसपालिको गणनामा नारायणी नदी क्षेत्रमा ४३ प्रजातिका पक्षी भेटिए,' उनले भने । चरा गणनाका क्रममा अहिलेसम्म नारायणी क्षेत्रमा नभेटिएको 'राज सुड सुडिया' नामको पक्षी पनि अहिले भेटिएको चौधरीले बताए ।

गत वर्ष नदेखिएका विभिन्न चार प्रजातिका चरा यस वर्ष देखापरेको संयोजक चौधरीले बताए । 'यस वर्षको गणनामा जुरे हुटिटचाउ, बेल्चा ठुडे हाँस, जुरे हाँस र लालखुट्टे टिम टिया प्रजातिका चरा फेला पारेका छन्,' उनले भने, 'चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा गत वर्ष यी प्रजातिका चरा गणना भएका थिएनन् ।' नेपालको जल क्षेत्रमा १६२ प्रजातिका चरा पाइने गरेका छन् । ती मध्ये नारायणी नदी क्षेत्रमा यस वर्ष उक्त प्रजाति फेला परेको जनाइएको छ । नवलपुरतर्फको चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदी तथा सिमसार क्षेत्रमा चार समूह बनाएर चरा गणना गरिएको थियो । सिघ्रौलीदेखि अमलटारी, सिघ्रौलीदेखि पिठौली, पिठौलीदेखि अमलटारी र अमलटारीदेखि त्रिवेणी गण्डक ब्यारेजसम्म गरी चार समूहमा चरा गणना गरिएको हो । गत वर्षको तुलनामा यस वर्ष चराको समग्र संख्या घटेको प्रारम्भिक अनुमान गरिएको छ ।

'यस वर्ष पनि समग्रमा चराको संख्या घटेको पायौं,' चौधरीले भने 'प्रत्येक वर्ष नेपालमा क्रमिकरूपमा चराको संख्या घटिरहेको छ ।' साइबेरियालगायत उत्तरी गोलार्द्धबाट चिसो छल्न यहाँ आउने पाहुना चरामध्ये यस वर्ष सबैभन्दा धेरै संख्यामा खोया हाँस देखिएका उनले बताए ।

'कुनै प्रजातिका चरा गत वर्षभन्दा बढी र कुनै प्रजातिका चरा गत वर्षको तुलनामा न्यून देखिएका छन्,' 'चौधरीले भने, 'यस क्षेत्रमा चखेवा, खोया हाँस, जलेवा र पानी गौथली चरा धेरै पाइने गरेका छन् ।' निकुञ्जसहित नारायणी नदी र सिमसारमा पाइने रैथाने चराको संख्यामा भने खासै फरक नदेखिए पनि आगन्तुक चराको संख्यामा धेरै नै कमी आएको चौधरीले बताए ।


## माईग्रेसन हराएको सूचना

मिति २०७९/०९/२० गते बागबजार काठमाडौंदेखि किर्तिपुरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : चन्द्र राज शाहि
ठेगाना: छेडागाड-५, जाजरकोट
रजिस्ट्रेसन.नं.: ६७६१०१४२१
सिम्बोल.नं.: २६१००३७७
सम्पर्क: ९७४२४६०२२९

## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०७/२३ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **च्यूवासा कन्सलट्यान्ट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **मेटा एजुकेशन प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०८/१० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मेटा एजुकेशन प्रा.लि.(प्रा.लि.नं.५३१४८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०९/२८

यस कम्पनीको मिति २०७९/०९/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **होली एन्जन्स ईङ्गलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं. ३३२५३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बकिंघम एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-REHAB AL-MASSY GENTS TAILORING EST

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | LT. No. 279384 | चलानी नं. ६०१९४८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mens Clothing Tailor | 2 | 0 | 1200 | ४१,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

**Lucky Human Resource Pvt.Ltd.**
G. P. O. Box : 815, Mitrapark, Chabahil-7 Kathmandu, Nepal Tel : +977-1-4489401, 4489501
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND ART PRINTING & PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ | LT. No. 272976 | चलानी नं. ६०१८८७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**
Govt. License 1211/073/074
बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

## गढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, सुनसरी, नेपाल

## गढी गाउँपालिकाद्वारा जनहितमा जानकारी मूलक सन्देश

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भूमिका बिर्सिएको कांग्रेस

प्रमुख प्रतिपक्षी दलको भूमिकामा रहेको दल नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिएसँगै मुलुकको राजनीतिमा नयाँ आशंका जन्मिएको छ। गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट सबैभन्दा धेरै सिट जितेर पहिलो दल बनेको कांग्रेस आफ्नै गल्तीले प्रतिपक्षको भूमिकामा सीमित बनेको थियो । चुनावी गठबन्धनमा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई पहिलो कार्यकाल प्रधानमन्त्री चलाउन नदिने अडान लिँदा कांग्रेस संघसहित सातवटै प्रदेशमा शून्यको स्थितिमा पुगेको हो।

आफैंलाई साथ छाडेर अर्को गठबन्धनबाट प्रधानमन्त्री बनेका दाहाललाई विश्वासको मत दिने निर्णयमा कांग्रेस पुग्नुले आशंका जन्माउनु स्वाभाविक हो। कांग्रेस यो निर्णयमा पुग्नुलाई उसले आफ्नो भूमिका बिर्सिएको अर्थमा टिप्पणी भइरहेको छ। हुन पनि चुनावी नतिजाले कांग्रेसलाई सरकारको नेतृत्व गर्ने बनाएको थियो तर आफैंले गठबन्धन जोगाउन सकेन । प्रधानमन्त्रीदेखि प्रमुख संवैधानिक पदहरू आफूले राख्न खोज्नु कांग्रेसको महाभूल थियो । गठबन्धन तोडिएर शून्यमा झरेपछि बल्ल कांग्रेसले त्यो महसुस गऱ्यो । यसले कांग्रेस नेतृत्वको दीर्घकालीन सोच नरहेको प्रस्ट देखाउँछ ।

कांग्रेसले पहिलो गल्ती सेलाउन नपाउँदै प्रधानमन्त्रीलाई विश्वासको मत दिनु सरासर गल्ती देखिन्छ । किनभने उसले सशक्त प्रतिपक्षको भूमिका निभाउनुपर्थ्यो । त्यसो त नयाँ सरकार बनेपछि कांग्रेस नेताहरूले संसद्मा प्रतिपक्षको भूमिकालाई प्रभावकारी बनाउने बताउँदै आएका थिए। कांग्रेसले बैठकबाट समेत सोही निर्णय गरेको थियो । तर, अकस्मात प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेर प्रतिपक्षको भूमिका शून्यमा सीमित गरेको छ। प्रधानमन्त्रीलाई विश्वासको मत दिएर प्रतिपक्षमा बस्छु भन्नुको कुनै अर्थ देखिँदैन।

संसदीय राजनीतिमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ। सरकारको काम कारबाहीमाथि निगरानी र खबरदारी गर्ने काम प्रतिपक्षको हुन्छ । राज्यका कानुन निर्माण गर्ने थलो संसद्मा प्रतिपक्षको सशक्त भूमिका नरहेको अवस्थामा सरकारले आफूअनुकूल जथाभावी कानुन निर्माण गर्नसक्छ । सरकारको हरेक निर्णय र काम कारबाही राज्यको हितमा छ वा छैन भन्ने हेर्ने र त्यसको संसद्बाट प्रतिरोध गर्ने भूमिका प्रतिपक्षको रहन्छ। तर, विश्वासको मत दिइसकेपछि प्रतिपक्षमै रहे पनि त्यो भूमिका कमजोर हुने जानकारहरूको बुझाइ छ।

कांग्रेसको यो कदम सरासर गलत देखिन्छ नै यसभित्र के स्वार्थ लुकेको छ भन्ने अर्को चासोको विषय बनेको छ। सत्ता गठबन्धनको प्रमुख दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद्बाटै कांग्रेसको निर्णयमाथि आशंका व्यक्त गरे र गलत स्वार्थ राखेको भए पूरा नहुने चेतावनीसमेत दिए । अन्य नेता तथा राजनीतिक विश्लेषकहरूले पनि यस्तै आशंका व्यक्त गरेका छन्। यदि, आशंका गरिएजस्तो भित्री स्वार्थमा कांग्रेसले चलखेल गर्न खोजेको भए त्यसले मुलुकको राजनीतिमा अर्को दुर्घटना निम्त्याउने निश्चित छ। कांग्रेसलाई फेरि तेस्रो गल्ती गर्नबाट रोक्न खबरदारी गर्नुपर्छ। मुलुकका लागि आवश्यक राजनीतिक स्थिरता तथा विकास र समृद्धिको लक्ष्य प्राप्तिमा कांग्रेसले रचनात्मक प्रतिपक्षकै भूमिकालाई प्रभावकारी बनाउन जरुरी छ। यसबाहेक अन्य स्वार्थमा लागे कांग्रेस स्वयंका लागि घातक हुनसक्छ।

## मननयोग्य

### चाणक्य नीति

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए।

चाणक्यने सम्झाउँदै भने- ' अब शोक नगर, राज्यका लागि सचेत होऊ। राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हांस्ने समय नै हुन्छ। जब धेरै रुन्छ वा हाँछ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ।

म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ। राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ। राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ।

आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु। राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ। क्रमशः

# ‘सामाजिक सुरक्षा कोषले श्रमिक, रोजगारदाता र राज्य तीनवटै पक्षको हितमा छ’



**एकनारायण अर्याल**
**अध्यक्ष, सामाजिक सुरक्षा कोष**
**सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

*योगदानमा आधारित श्रमिकको जीवनचक्रलाई आर्थिकरूपमा सरल र सहज बनाउने उद्देश्यले २०६७ सालमा स्थापना भएको सामाजिक सुरक्षा कोषले एक दशक पार गरिसकेको छ । यसबीचमा कोषले महत्त्वाकांक्षी योजनाहरु ल्याएर औपचारिक क्षेत्रका श्रमिकहरु आबद्ध गराउन सफल भएको छ । यतिखेर अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारीमा गएकाहरूलाई पनि कोषमा आबद्ध गराउने नीति अबलम्बन गर्दै निर्देशिकासमेत जारी गरिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको कोषमा अहिले श्रमसचिव* ***एकनारायण अर्याल*** *अध्यक्ष छन् । उनले जिम्मेवारी सम्हालेयता कोषले के-कस्ता योजना ल्यायो ? यसमा किन आबद्ध हुने र योगदानकर्तालाई राज्यले कसरी हेर्छ ? लगायत विषयमा केन्द्रित रहेर श्रमसचिव एवं कोषका अध्यक्ष अर्यालसँग गरिएको कुराकानीः*

**सामाजिक सुरक्षा कोषलाई एउटा सामान्य नागरिकले कसरी बुझ्ने ?**

हरेक श्रमिकको जीवनचक्रमा आउने प्रत्येक जोखिम न्यूनीकरण गर्ने राज्यको जवाफदेही संयन्त्र नै सामाजिक सुरक्षा कोष हो। संविधानको धारा ३४ लाई कार्यान्वयन गराउन बनेको 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४' अनुसार स्थापित कोष हो । यसले श्रमिकले कार्यशील जीवनमा गर्ने योगदानको आधारमा श्रमिक र श्रमिकको आश्रितको कोखदेखि शोकसम्म हुने जोखिमहरूको व्यवस्थापन गर्ने सामाजिक सुरक्षाका परिपूर्ण योजनाहरू सञ्चालन गर्दछ।

**कोषमा आबद्ध हुने श्रमिकले के-कस्ता फाइदा पाउँछन् ?**

सामाजिक सुरक्षा कोषले तीन पक्षहरू श्रमिक, रोजगारदाता र राज्यलाई फाइदा पुऱ्याउँछ । श्रमिक कोषमा सूचीकृत भई योगदान गरिसकेपछि उसको जीवनचक्रमा हुने जोखिमहरूको व्यवस्थापनका लागि औषधि उपचारदेखि आयको निरन्तरता हुनेगरी मासिक पेन्सनसम्मको सुविधा हुन्छ। कर्जा तथा सापटी सुविधामार्फत वित्तीय आवश्यकता पनि पूर्ति गर्न सक्छन्। त्यसैगरी रोजगारदाताको हकमा एउटा निश्चित योगदानको आधारमा कर्मचारीसँग सम्बन्धित दायित्व कोषमा हस्तारन्तरण हुने, कर्मचारीहरूमा रोजगारीप्रति सुरक्षित महसुस भई आत्मबल बढ्ने गर्दछ।

साथै, संस्थाप्रति कर्मचारीको बफादारिता बढ्ने, अनुभवी कर्मचारी संस्थामा रहिरहँदा कर्मचारीको व्यावसायिकतामा अभिवृद्धि भई कार्यसम्पादनमा सुधार आउने गर्दछ । जसले प्रतिष्ठानस्तरको उत्पादकत्वमा सुधार हुन्छ। त्यस्तै राज्यका लागि वितरण कुशलता सृजना हुनेगरी लगानीयोग्य पुँजीको संकलन, सामाजिक सहायताको रकम योगदानमा आधारितस्तरमा रूपान्तरित हुने आधार सामाजिक सुरक्षा कोषमार्फत सृजना हुन्छ । यसले नागरिकलाई सार्वजनिक व्यवस्थापनप्रतिको विश्वास जगाउने काम गर्दछ।

**तपाईं श्रम मन्त्रालयको जिम्मेवारीमा आइसकेपछि सामाजिक सुरक्षा कोषमा धेरै काम भए भनिन्छ, के-के गर्नुभयो ?**

प्रमुखतः एक वर्षको कार्यकाल नीतिगत हिसावले महत्त्वपूर्ण रह्यो । कोषको दायरा विस्तारका लागि अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारिमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषको योजनाहरूमा आबद्ध हुनेगरी कार्यविधि तर्जुमा, कोषको शाखा कार्यालय विस्तार र औपचारिक क्षेत्रको योजनाहरूमा थप योगदानकर्तामैत्री बनाइयो । सञ्चालन विधामा योगदानकर्ताको स्वास्थ्य संस्था दाबी भुक्तानी र सापटी सुविधाका लागि स्वचालित प्रणाली विकास गरी कार्यान्वयन गरियो । योगदानकर्तामैत्री सुरक्षा योजनाहरू हुनेगरी योगदानकर्तामा रहेको औषधि उपचारको सीमा श्रीमान् वा श्रीमतीलाई पनि हुनेगरी विस्तार गरिएको छ। योगदानकर्ताको असाध्य रोगको उपचारका लागि कोषले औषधि उपचारमा १० लाख रूपैयाँसम्मको खर्च व्यहोर्ने गरी कार्यविधि संशोधन केही दिनअघि मात्र गरी सुविधाको दायरा विस्तार गरिएको छ । कर्जा तथा सापटी सुविधाको हकमा कोषमा आबद्ध योगदानकर्ताको वित्तीय आवश्यकतालाई पूर्ति गर्नेगरी योगदानकर्ता विशेष सापटी, घर कर्जा सापटी, शैक्षिक सापटी र सामाजिक कार्य सापटी गरी सापटी सुविधा पनि कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी योगदानकर्ताको मानवीय र भौतिक पुँजी निर्माण हुनेगरी कर्जालाई थप विस्तार र उद्यमशीलता विकासका लागि विभिन्न उपकरणहरूमा लगानी हुने आधारहरू तयार गरिएको छ।

सेवा प्रवाहलाई सबैको पहुँचमा हुनेगरी कोषको संगठन संरचनालाई अद्यावधिक गर्दै प्रदेश १ र मधेस प्रदेशमा शाखा कार्यालय स्थापना गरिएको छ। अन्य प्रदेशमा पनि शाखा कार्यालय स्थापना गरी सामाजिक सुरक्षा योजनाहरूको पहुँच सबैमा पुऱ्याउने कार्य भइरहेको छ।

**कोषमा कस्ता श्रमिक आबद्ध हुन सक्छन् ? यो योजना न्यून आय भएकाहरुलाई मात्रै हो, उच्च आय हुने श्रमिकलाई जरुरी पर्दैन भन्ने सुनिन्छ नि ?**

सबै श्रमिकहरू सामाजिक सुरक्षा कोषमा आबद्ध हुनैपर्छ। यसमा निजी र संगठित क्षेत्रका श्रमिकहरूवाट सुरु गरिएको छ। ऐनले यसलाई नागरिकको सामाजिक सुरक्षाका सबै योजनाहरू एकीकृतरूपमा सञ्चालन हुनसक्ने परिकल्पना गरेको छ । अब कस्ता श्रमिक यसमा आबद्ध हुनुपर्ने भन्ने विषयमा अलि प्रस्ट पारौं- आर्थिक क्षमता र जीवन व्यवस्थापन ज्ञानको हिसावले १० लाख रूपैयाँ तलब खाने कर्मचारी/श्रमिकले आफ्नो र परिवारको सामाजिक सुरक्षा आफैं गर्न सक्छन् भन्ने तर्क पनि छ । यदि, कुनै प्राविधिक वा वित्तीय जोखिमले उसको रोजगारी गुम्यो र बचत पनि सकियो भने ऊ र उसको परिवारलाई आधारभूत सुरक्षा दिने काम राज्यको हुन आउँछ । त्यसैले ऊ पनि अन्य श्रमिकसरह सामाजिक सुरक्षाको संरचनामा सहभागी हुनैपर्छ र थप सामाजिक सुरक्षाका रक्षावरण योजनाहरू आवश्यक परेमा आवश्यकताअनुसार खरिद गर्न सक्छ। यसर्थ, उच्च तहको आय भएको श्रमिक वा न्यून आय भएको श्रमिक भनेर राज्यले पक्षपात गर्दैन । सामाजिक सुरक्षाका लागि सबै क्षेत्रका सबै श्रमिक राज्यको एकीकृत संरचनाभित्र गोलबद्ध हुनुपर्ने देखिन्छ।

**कोषले राज्यको आन्तरिक उत्पादन चक्रलाई सक्रिय र उत्पादकत्व अभिवृद्धि गर्न कसरी सहयोग पुऱ्याउँछ ?**

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीले मानवीय पुँजी र भौतिक पुँजी निर्माणमार्फत सामाजिक र आर्थिक चरहरू जस्तैः श्रम शक्तिको माग र आपूर्तिबीच सन्तुलन, मानव विकासमा सुधार र लगानीयोग्य रकमको सृजनासहित उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरी रचनात्मकरूपमा चलायमान बनाउन सहयोग गर्छ। मानौं, सामाजिक सुरक्षा कोषमा २० लाख श्रमिक आबद्ध भए भने वार्षिक करिब एक खर्ब १९ करोड रूपैयाँ योगदान रकम संकलन हुन्छ। यो रकममध्ये करिब एक खर्बभन्दा बढी दीर्घकालीन प्रकृतिका भौतिक पूर्वाधार र उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिन्छ । राज्यले यस्तो रकमलाई बण्ड जारी गरी कोषको दायित्व पूरा हुने प्रतिफल सुनिश्चितता गरी परिचालन गर्न सक्छ । २० लाख श्रमिकमात्र आबद्ध हुँदा वार्षिक एक खर्बभन्दा बढी दीर्घकालीन लगानीयोग्य रकम परिचालन हुनसक्छ।

हाम्रो १५औं योजनाले राष्ट्रिय गौरवका आयोजनाहरूको कूल लागत करिब ३० खर्ब देखाएको छ। जुन आवश्यक रकमको ठूलो हिस्सा सामाजिक सुरक्षा कोषको कार्यान्वयनमार्फत परिचालनको आधार निर्माण गर्न सकिन्छ । आबद्धता बढ्दै जाँदा रकम थप बढ्दै पनि जान्छ। त्यसैले सामाजिक सुरक्षा कोषले राज्यको सामाजिक संरक्षणलाई मात्र सुदृढ गर्ने नभई आन्तरिक पुँजी परिचालनमा पनि महत्त्वपूर्ण योगदान दिनसक्छ । मलेसिया र सिंगापुरले योगदानमा आधारित सामाजिक सुरक्षाको योगदान रकमलाई आन्तरिक पुँजीको रूपमा परिचालन गरी भौतिक पूर्वाधारका क्षेत्रका लगानी गरेको अभ्यास हाम्रो लागि अनुशरणयोग्य हुन सक्छ।

**कोषलाई सरकारी वा निजी क्षेत्रका सबै श्रमिकहरू आबद्ध हुनेगरी एकीकृत सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने संयन्त्र बनाउनसक्ने सम्भावना छ कि छैन ?**

यो सम्भावना मात्रै होइन यसको अपरिहार्यता हो । अहिले मुलुकमा सामाजिक सुरक्षाको शीर्षकभित्र वितरणमुखी विभिन्न स्वरूपका भत्ताहरू विभिन्न मन्त्रालयमार्फत कार्यान्वयनमा देखिन्छन्। अर्कोतिर स्थानीय सरकारले समेत प्राथमिकतामा राखी लोकप्रियता हासिल गर्ने प्रवृत्ति देखिएको छ। सामाजिक सुरक्षाका योजनाहरू लागू गर्नुपूर्व अन्तरपुस्ता लागत सन्तुलन हुनेगरी कार्यक्रमको विकास गर्न सकिएन भने नत योजनाहरूले लक्षित वर्गको आवश्यकता पूरा हुन्छ न त यस्ता योजनाहरूको निरन्तरता हुन्छ । त्यसैले हाम्रो सामाजिक संरक्षणलाई सुदृढ बनाउन एकातिर लक्षित वर्गको आवश्यकता पूर्तिका लागि पर्याप्त हुने र अर्कोतिर वित्तीय दिगोपना हासिल हुनेगरी योजना तयार गर्नुपर्ने छ। हाल निजी र संगठित क्षेत्रका श्रमिकहरूको आबद्धतामार्फत सुरु भएका योजनाहरू अनौपचारिक र स्वरोजगारमा रहेका श्रमिकहरूसम्म विस्तार भएको छ । यो दायरा क्रमशः सरकारी कर्मचारीहरूमा पनि बढाउन सकिने आधार छ।

**अनौपचारिक, स्वरोजगार र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई कोषमा आबद्ध गराउन बनेको कार्यविधिबारे के भन्नुहुन्छ ?**

अनौपचारिक क्षेत्रका श्रमिकको मासिक एक हजार ९१२ रूपैयाँ योगदान गरी सामाजिक सुरक्षा कोषमा आबद्ध हुँदा औषधि उपचार, मातृत्व सुरक्षा, दुर्घटना, अशक्तता, आश्रित परिवार र वृद्धावस्था सुरक्षा योजनामा आबद्ध हुनेगरी योजनाहरू तर्जुमा गरिएको छ। जसमा योगदानकर्ता आफैंले सम्पूर्ण रकम वा विभिन्न तहको सरकारले मासिक ८८० रूपैयाँसम्म सहयोगदान गरिदिनसक्ने प्रावधान राखिएको छ। त्यसैगरी स्वरोजगारको हकमा मासिक नौ हजार ३८५ रूपैयाँ र यसको तीन गुणासम्मको रकममा ३१ प्रतिशतले हुने रकमसम्मको योगदान गरी कोषमा आबद्ध भई चारवटै योजनाअन्तर्गत सुविधाहरू लिन सक्नुहुन्छ । त्यसैगरी वैदेशिक रोजगारीमा रहेका श्रमिकको रकम पनि मासिक न्यूनतम दुई हजार रूपैयाँ योगदान गरी दुर्घटना, अशक्तता, आश्रित परिवार र वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुनसक्ने गरी योजनाहरू तर्जुमा गरिएको छ । योगदानकर्ता श्रमिकले आफ्नो आम्दानीको ७० प्रतिशत रकम औपचारिक माध्यमबाट विप्रेषण (रेमिटयान्स) पठाएको प्रमाण पेस गरेमा २० प्रतिशतसम्मको रकम छुट हुनसक्ने व्यवस्था पनि कार्यविधिमा राखिएको छ।

**अनौपचारिक क्षेत्रका श्रमिकलाई सरकारले सहयोगदानको परिकल्पना गरेको देखियो, यसले राज्यलाई झन् भार थप्दैन ?**

सहयोगदान योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले नै परिकल्पना गरेको छ। केही प्राविधिक कठिनाइका कारण हालै ल्याइएको कार्यविधिले विभिन्न तहको सरकारले सहयोगदान गर्नसक्ने र श्रमिक आफैंले पनि योगदान गरी कोषका योजनाहरूमा आबद्ध हुनेगरी वाटो खोलेको छ । यो व्यवस्थाले एउटा श्रमिकका लागि जीवनमा सानो खुड्किलो होला तर समग्र श्रमबजार र नेपालको सामाजिक संरक्षण प्रणालीका लागि ठूलो फड्को मार्छ भन्ने मैले बुझेको छु। जहाँसम्म राज्यलाई भार हुन्छ कि भन्ने प्रश्न छ, यसको सरल समाधान र फाइदा पनि छ। मानौं कुनै नेपाली विवाहित नागरिकको मृत्यु भएमा उसको आश्रित श्रीमती जुनसुकै उमेरको भए पनि विधवाभत्ता उपलब्ध गराउनुपर्ने राज्यको नियम छ, जुन सुविधा दिन योगदान गर्नु पर्दैन। त्यसैगरी नेपाली नागरिक ६८ वर्ष भएपछि वृद्धभत्ता पाउन योग्य हुन्छ । आज करिब २० लाखको यस्तो संख्या ४० वर्षपछि करिब ६३ लाखको हुन्छ त्यो समयमा गर्नुपर्ने स्रोत व्यवस्थापन र बजेटमा यस्तो खर्चको हिस्सा आज विचार गरौ त ! त्यसैले नेपालजस्तो नगद हस्तान्तरणमा आधारित भत्ता वितरण गर्ने देशमा राज्यको सहयोगदानमा सबै श्रमिकलाई कोषमा आबद्ध गरी प्रणालीलाई नै दिगो बनाउनुपर्ने आवश्यकता मात्रै होइन अपरिहार्यता हो । यदि योगदानमा आधारित प्रणाली स्थापित गर्न नसक्ने हो भने केही वर्षपछि नेपालले यस्ता भत्ताहरूको खर्च व्यवस्थापन नै गर्न नसक्ने अवस्थामा पुग्छ। त्यसैले अनौपचारिक क्षेत्रका श्रमिकमात्र नभएर सुरुआती समयमा सबै श्रमिकलाई निश्चित रकम सहयोगदान गरिदिएर सामाजिक सुरक्षा कोषका योजनाहरूमा आबद्ध गर्दा राज्यलाई लाभ हुन्छ भन्ने मलाई लाग्दछ।

**सामाजिक सुरक्षामार्फत "युनिभर्सल हेल्थ कभरेज"मा प्रभावकारी सुधार ल्याउन सकिने अवस्था छ ?**

राज्यमा मानवीय पुँजी निर्माणको सबैभन्दा महत्त्वपूर्ण अवयव भनेको स्वास्थ्य नै हो। हामीले सुन्ने गरेका छौं, विकसित देशमा एउटा कार्डको भरमा नागरिकले स्वास्थ्य उपचार पाउँछ। त्यो योगदानमा आधारित सामाजिक सुरक्षाको संयन्त्रले उपलब्ध गराउने सुविधा हो । हो, त्यस्तै प्रणालीअनुरूप नेपालमा पनि सामाजिक सुरक्षा कोषले कोषमा आबद्ध भएका योगदानकर्ताका लागि सामाजिक सुरक्षा कार्डको आधारमा तोकिएको अस्पतालवाट स्वास्थ्य उपचार सुविधा लिनसक्ने गरी स्वचालित विधि अपनाइएको छ । यसलाई अझै परिस्कृत र सुधार गर्दै लगेर सहज पहुँचको व्यवस्था त गर्नैपर्छ। हामीले सुन्दै आएका छौं नि- सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराउने गरी ल्याइएको स्वास्थ्य बिमा बोर्डमा राज्यको खर्च बढी भयो यो निजी क्षेत्रलाई हस्तान्तरण गर्नुपर्ने कुरा। वित्तीय व्यवस्थापनको नीतिगत पक्ष के हो भने सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यान्वयनमार्फत स्वास्थ्य बिमा बोर्डको पनि वित्तीय स्थायित्व हुन्छ।

**कोषलाई अझै सुदृढ बनाउन के योजना बनाउनु भएको छ ?**

सामाजिक सुरक्षा कोषलाई राज्यको आर्थिक, सामाजिक रूपान्तरणको महत्त्वपूर्ण संरचनाको रूपमा स्थापित गर्न तीनवटा पक्षहरूमा ध्यान दिनुपर्छ । पहिलोः बृहत् आबद्धता हुनेगरी ठोस नीतिगत समन्वय, दोस्रोः सञ्चालन कुशलता सृजना हुनेगरी प्रभावकारी सेवा प्रवाहका लागि भौतिक संरचनाको निर्माण र तेस्रोमा कुशल र व्यावसायिक लगानीमार्फत वित्तीय दिगोपनाको सुनिश्चितता । बृहत् आबद्धता योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको मेरुदण्ड मानिन्छ । राज्यका सबै निकाय, निजी क्षेत्रका रोजगारदाता, श्रमिक र अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता भएमा बृहत् आबद्धताको सम्भावना छोटो समयमा नै हुनसक्छ। तत्कालका लागि केही क्षेत्रका श्रमिक तथा कर्मचारीमा सुरक्षा योजनाका सुविधाहरू कम भए भन्ने होला । यसलाई क्रमशः सुधारको प्रक्रियाबाट समायोजन गर्दै लगिनेछ।

अघिकै प्रसंग जोड्न चाहन्छु, योगदानकर्तामा मात्र रहेको औषधि उपचार सुविधालाई योगदानकर्ताको श्रीमान् वा श्रीमतीसम्म पुग्नेगरी दायरा विस्तार भएको छ । यो दायरा क्रमशः समग्र परिवारका सदस्यहरूलाई हुनेगरी विस्तार गरिनेछ । अहिलेको एक लाखको सुविधा भोलि रोजगारीजन्य दुर्घटना जस्तो सम्पूर्ण उपचार खर्च कोषले व्यहोर्न सक्ने अवस्था बनाउन सकिन्छ । अन्त्यमा, आर्थिक सामाजिक पर्यावरणलाई सन्तुलित बनाउने उपयुक्त माध्यम योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ भएकोले सबै सरोकारवालाहरूको सक्रिय सहभागिताका लागि मेरो अधिक पहल रहन्छ।

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी

**बागमती–** बागमती प्रदेश सरकारको 'एक विद्यालय, एक नर्स कार्यक्रम' प्रभावकारी बन्दै गएको छ । प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार सो कायक्रमअन्तर्गत हालसम्म ५१९ जना प्रदेशको विभिन्न विद्यालयमा नर्स भर्ना गरी स्वास्थ्य क्षेत्रमा काम भएको बताइएको छ ।

सो मन्त्रालयले २०७८ साल कात्तिक २५ गतेदेखि हालसम्म गरेको कामबारे तयार गरेको प्रतिवेदनमामा सो विषय जनाइएको छ । कोरोना महामारीको समयमा सात प्रदेशमध्ये बागमतीमा शतप्रतिशत कोरोनाविरुद्धको खोप लगाइएको उक्त मन्त्रालयले जनाएको छ । मन्त्रालयका सचिव बद्रीबहादुर खडकाका अनुसार चालु आर्थिक वर्ष २०७९/८० मा तीन करोड ९४ लाख रूपैयाँ बजेट विनियोजन गरी बागमती प्रदेशको प्रथम आयुर्वेद औषधि उत्पादन केन्द्र चितवनमा स्थापना गरी सञ्चालन गरिएको छ। मकवानपुरको विभिन्न स्थानमा आयुर्वेदिक उपचारका लागि शाखा स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

हेटौंडा अस्पतालका गर्भवतीलाई ७३ वटा 'पोर्टेवल अल्ट्रा मेसिन' खरिद गरिएको र एमआरआई मेसिन खरिद गरी हस्तान्तरणसमेत भइसकेको प्रतिवेदनमा उल्लेख छ । बागमती प्रदेशमा रहेको ११९ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखका लागि फिस्टुला रोग पहिचान र उपचारसम्बन्धी कामर्यक्रम गरिएको छ ।

अन्य अस्पताल र स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री उपलव्ध गराइएको छ । स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधर निर्माणमा सहयोग एवं निर्माण कार्य भएको उनले जानकारी दिए । कोरोना महामारीको संक्रमण रोकथाम र डेंगु रोग नियन्त्रण गर्न सो अवधिमा विभिन्न कार्यक्रम गरिएको बताइएको छ ।

यसैबीच मकवानपुरमा डेंगु संक्रमितको संख्या हालसम्म पाँच हजार ८१० पुगेको उक्त मन्त्रालयअन्तर्गतको जनस्वास्थ्य कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । सो तथ्यांक गत साउनदेखि बुधबारसम्मको रहेको छ। जसमा तीन हजार १८२ पुरुष र दुई हजार ६२८ महिला रहेका छन् । डेंगु संक्रमित जिल्लाको १० स्थानीय तहमध्ये बढी हेटौंडा उपमहानगरपालिकामा रहेको सो कार्यालयले जनाएको छ । *रासस*

# मुख्यमन्त्री कार्कीले शुक्रबार विश्वासको मत लिने



**मोरङ (प्रस)–** प्रदेश १ का मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भोलि शुक्रबार विश्वासको मत लिने भएका छन् । उनले प्रदेशसभा सचिवालयलयमा पत्र पठाउँदै शुक्रबार विश्वासको मत लिनका लागि समय उपलब्ध गराउन अनुरोध गरेको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिए ।

मुख्यमन्त्री कार्कीले पुस २५ गते शपथ ग्रहण गरी पदभार सम्हालेका थिए । उनलाई नेकपा एमालेका ४०, नेकपा माओवादी केन्द्रका १३, राप्रपाका छ र जनता समाजवादी पार्टीको एक गरी ६० प्रदेशसभा सदस्यले समर्थन जनाएका थिए ।


## श्री सिद्धसालबाटा सामुदायिक वन उपभोक्ता समूह चुरे ६ कैलाली, काठ लिलाम विक्री सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९।९।२८**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.ब.२०७९।०८० मा संकलन गरी सामुदायीक बन कम्पाउण्डमा घाटगद्धी भएको जात सल्लो लट नं १–२०७९।०८० को ६० सल्लो ५१ र साल १० थान को १५४०।५७ परिणाम क्यु, फी काठलाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्न पर्ने भएकोले प्रभाब राष्ट्रिय दैनिकमा दास्रो पटक प्रकाशित भएको मितिले १५ दिनभित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र १६ औं दिनको ३ बजेभित्र यस सा.व.उ.स. को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सूचना यस सा.व.उ.स.को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरूमा समेत टाँस गरिएको ब्यहोरा समेत सूचित गरिन्छ ।

**श्री सिद्ध सालबाटा सामुदायिक वन उपभोक्ता समूह चुरे ६ कैलाली**

## सूचना ! सूचना !! सूचना !!!

यस Namo Buddha Recruitment Pvt. Ltd (ई.प.नं.१३७०/७४/७५)मा **सुरज रञ्जित** (Citizenship No. 23080) ले **दस्तावेज अधिकारी** पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Govt. License 1370/74/75
samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७२/०४/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम **एम. जि. नेपाल विल्डर्स (प्रा.लि न. ८२५१९)** को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"आर. बि. विल्डर्स प्रा.लि. (R.B. Builders Pvt. Ltd.)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ESSA RASHED AL OWIDAN FOR CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/०६/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT No. 272197 चलानी नं. ६०१८७८५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 30 | 0 | 1000 | ३४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TERRATEST BAHRAIN WLL**

पूर्व स्वीकृति मिति २०७९/०७/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 274214 चलानी नं. ६०१८९८९३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BHD | ने.रू. | | | | | | | |
| 1 | Electrician | 10 | 0 | 150 | ५२,०७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Fitter | 15 | 0 | 150 | ५२,०७० | | | | | | | |
| 3 | Supervisor | 5 | 0 | 250 | ८६,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HYPER PETSCENTRE (M) SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 276129 चलानी नं.६०१९२२३४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Store Keeper | 18 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Richhood Overseas Inc. Pvt. Ltd.**
Govt. License 539/061/062
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4382899, 4982899 Phone No: 9851191208, 9845473766,
Email: richhood@wlink.com.np Website: www.richhoodoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **INTELLIGENT S. GENERAL CONT.CO**

पूर्व स्वीकृति मिति २०७९/०९/२५ LT. No. 279308 चलानी नं. ६०१९४८७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Road Machinery Driver | 10 | 0 | 1800 | ६२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Govt. License 083/053/054
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## सन सेट भ्यु होटेल संचालनको
## वातावरणीय प्रतिवेदन तयारीको लागि सार्वजनिक सूचना

होटेल सन सेट भ्यु प्रा. लि. द्धारा प्रस्तावित निम्न बमोजिमको होटल संचालन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | होटेल सन सेट भ्यु प्रा. लि.<br>बाग्मती प्रदेश, काठमाडौं जिल्ला, नयाँ बानेश्वोर, फोन नं: ९७७-१-४७८३१७२, Fax: ९७७-१-४७८२२१९, ईमेल: sunset@hotelsunsetview.com |
| प्रस्तावको व्यहोरा | आयोजना अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं. १० शंखमूल स्थित ३७ वटा बेड भएको होटेल सन सेट भ्युको संचालन गरिएको छ। |
| प्रभाव पर्न सक्ने म.पा. | काठमाडौं महानगरपालिका वडा नं. १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | होटेल सन सेट भ्यु प्रा. लि.<br>बाग्मती प्रदेश, काठमाडौं जिल्ला, नयाँ बानेश्वोर<br>फोन नं: ९७७-१-४७८३१७२, Fax: ९७७-१-४७८२२१९<br>ईमेल: sunset@hotelsunsetview.com |
| परामर्शदाताको नाम र ठेगाना | देउराली कन्सल्टीङ इन्जिनियर्स प्रा.लि.<br>बानेश्वर, काठमाडौं, नेपाल, ईमेल: deuralicon@hotmail.com |

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **UJAMA CONTRACTING AND SERVICES**

पूर्व स्वीकृति मिति : २०७९/०९/२६ LT. No.279325 चलानी नं. ६०१९४८६९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 1600 | ५७,५०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Forman | 1 | 0 | 2500 | ८९,८५५ | | | | | | | |
| 3 | Labour Services | 2 | 0 | 1200 | ४३,१३० | | | | | | | |
| 4 | Mason | 1 | 0 | 1400 | ५०,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DELTA ZEEFORCE SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०५/२० पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 270959 चलानी नं. ६०१८६९६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guards | 42 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**
Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HONG CHENG SEAFOOD SUPPLIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 269946 चलानी नं. ६०१८५८१८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 27 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **JAYA CEPAT PLASTIC INDUSTRIES SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०६/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 273133 चलानी नं. ६०१८९४४४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **THIEN POH SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०९/२६ LT. No. 279056 चलानी नं. ६०१९४८७५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०१६/०३/०६

स्वर्गारोहण
२०७९/०९/०७

**स्व. छिरीङ शेर्पा (सलाका)**

यस शेर्पा सेवा केन्द्रको आजिवन सदस्य **स्व. छिरीङ शेर्पा**को ६३ बर्षको उमेरमा असामयिक निधन भएकोले आज २१ औं दिनको पून्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अध्यक्ष**
**गेल्जे शेर्पा (लामा)**
**तथा**
**शेर्पा सेवा केन्द्र परिवार**
**बौद्ध टुसाल**

## अनमोलको छड्केमा भिटेनको र्‍याप

चर्चित र्‍यापर भिटेनले फिल्म 'छड्के २' को एक गीत गाएका छन् । बुधबार काठमाडौंको एक स्टुडियोमा रेकर्ड गरिएको गीतमा भिटेनकै शब्द तथा संगीत छ । भिटेनको गीत कथा सुहाउँदो भएकै कारण आफूहरूले फिल्मका लागि रेकर्ड गरिएको निर्माता प्रशान्त गिरीले बताए । गीतको बोल भने अहिले सार्वजनिक गरिएको छैन । गीत भिडियो सहित सार्वजनिक गर्ने गिरीको भनाई रहेको छ । फागुन १९ गते रिलिज हुने तयारीमा रहेको फिल्ममा अनमोल केसीको मुख्य भूमिका छ । ग्याङस्टारको बिषयमा निर्माण भएको फिल्म निगम श्रेष्ठले निर्देशन गरेका हुन् ।





# मिस इकोमा नेपालको प्रतिनिधित्व गर्दै रक्षा



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस इको इन्टरनेशनल २०२३' मा नेपालको प्रतिनिधित्व रक्षा उप्रेतीले गर्ने भएकी छन् । इजिप्टमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता उप्रेतीलाई ग्रीन आर्ट मिडियाले 'मिस इको इन्टरनेशनल नेपाल २०२३' को ताजसहित पठाउन लागेको हो ।

बुधबार बत्तिसपुतली स्थित स्ट्याण्ड लन्च एण्ड बार बत्तीसपुतलीमा आयोजित एक कार्यक्रमका बीच ग्रीन आर्ट मिडियाले उप्रेतीलाई प्रतियोगीको रूपमा सार्वजनिक गरेको हो । उप्रेतीलाई पहिलो 'मिस इको इन्टरनेशनल नेपाल २०१७' की विजेता रोनाली अमात्यले ताज लगाईदिएकी थिइन् । द हिडन ट्रेजरका निर्देशक सुवर्ण क्षेत्री, अन्तर्राष्ट्रिय कोरियोग्राफर रोजिन शाक्य, लोकेश नेपालमा फाउन्डर गौतम धिमाल, मिडिया पर्सन कुबेर गिरी, ग्रीन आर्ट मिडियाका सिइयो प्रविन लाकौल लगायतको कार्यक्रममा उपस्थिती रहेको थियो ।

गत बर्ष 'मिस इको इन्टरनेशनल' शोफिया भुजेलले नेपालको प्रतिनिधित्व गरेकी थिइन् । प्रतियोगीतामा टप २० मा पुग्न सफल उनी अहिले अमेरिकाको 'मिस युनिभर्स'मा नेपालको प्रतिनिधित्व गर्दैछिन् ।

आगामी फेब्रुअरीमा आयोजना हुने प्रतियोगीतामा ६० बढी देशका इको सुन्दरीहरूको सहभागिता रहनेछ। प्रतियोगिताका लागि उप्रेती नेपालको तर्फबाट एक्लो प्रतिनिधि हुन् । उप्रेतीलाई प्रतियोगिताका लागि ग्रीन आर्ट मिडियाकी प्रवन्ध निर्देशक तथा अन्तर ाष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठ र नेपालका प्रतिष्ठित व्यक्तिहरूबाट ग्रुमिङ गरिनेछ ।

उप्रेतीले मिस इको आफ्ना लागि एउटा राम्रो अवसर भएको बताइन् । उनले अवसर प्रदान गर्ने ग्रीन आर्ट मिडिया प्रति आभार व्यक्त गरिन् ।

ग्रीन आर्टस मिडियाकी अनिला श्रेष्ठ २०१५ देखि मिस इको इन्टरनेशनलको आधिकारिक नेपाल राष्ट्रिय निर्देशकको रूपमा चुनिएकी हुन् । मिडियाको सिइयोमा प्रविन लाकौल रहेका छन् । मिस इको इन्टरनेशनलमा २०१५ देखि नेपालले प्रतिनिधित्व गर्दै आएको छ ।

## दीपेन्द्रले साइन गरे नयाँ फिल्ममा

**काठमाडौं (प्रस)–** निर्देशक दीपेन्द्र लामाले नयाँ फिल्ममा 'साइन' गरेका छन् । केही अगाडि '२ नम्बरी' नामक हिट फिल्म दिएका लामा ' लाखे' निर्माता हरि मल्ल ठकुरीको नयाँ फिल्ममा अनुबन्धित भएका हुन् ।

फिल्मको नाम भने जुर्न बाँकी रहेको छ । 'घामपानी' बाट निर्देशनमा डेब्यु गरेका दीपेन्द्रले केही दिन अघि मात्रै दयाहाङ राई, मिरुना मगर र शिशिर वाङ्देललाई मुख्य भूमिकामा लिएर आफ्नो पाँचौ फिल्म 'नांगो गाउँ' घोषणा गरेका थिए । हिमाल शर्माले निर्माण गर्ने सो फिल्मको सुटिङ चैत्र महिनामा हुँदैछ । 'नांगो गाउँ' पछि मात्रै यो फिल्म फ्लोरमा जाने जानकारी निर्देशक दीपेन्द्रले दिए ।

यसअघि 'लाखे' फिल्म निर्माण गरेको कम्पनी ग्लोवल मिडिया एण्ड रिसर्च सेन्टरको प्रस्तुतिमा निर्देशक लामाकै लेखन रहने फिल्मको कार्यकारी निर्माताामा हरि मल्ल ठकुरी र निर्माताामा गणेश मल्ल ठकुरी रहेका छन् ।

## श्रीकृष्ण लुइँटेलको 'काका हरायो'

**काठमाडौं (प्रस)–** गीत संगीतको क्षेत्रमा 'बोके दारी' उपनामले चिनिएका हास्य कलाकार तथा गायक श्रीकृष्ण लुइँटेल यतिबेला एउटा नयाँ गीत ल्याएका छन् ' काका हरायो' । दुई दशकदेखि हास्य व्यंग्यात्मक गीत-संगीत सिर्जनामा रमाइरहेका उनले ' काका हरायो' मा संगीत पनि आफैले दिएका छन् ।

लुइँटेलसँगै गीतमा मनीषा पोखरेलको पनि स्वर रहेको छ । गीतका रचनाकार अच्युत अधिकारी हुन् ।



# साम्राज्ञी–जीतुको जोडी

■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्यकलाकार तथा अभिनेता जीतु नेपाल र अभिनेत्री सम्राज्ञी राज्यलक्ष्मी शाहको अभिनय रहेको फिल्म ' ह्यारीकी प्यारी' आगामी माघ २० मा प्रदर्शन हुँदैछ । यसै फिल्मको जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो जोडी अभिनेत्री शाहसँग नयाँ देखिएको बताए ।

'अभिनेत्री शाहसँग बाँधिएको जोडी धेरैलाई सहज थिएन, यद्दपि हामी कथावस्तुमा ठिक छौं', नेपालले भने, 'हास्यकलाकारको रूपमा स्थापित परिचयलाई बदल्दै कलाकार बन्न चाहन्छु, यसमा मैले आफ्नो कलाकारिता देखाउने अवसर पाएँ ।' अभिनेत्री शाहले स्क्रिप्ट पढेपछि अभिनेता नेपालको नाम सुन्दा आश्चर्य लागेको बताइन् ।

'मैले जोडी थाहा पाउँदा केही भन्नै सकिन्, तर कथाअनुसार हामीलाई कास्टिङ गरिएको थियो, त्यसैले म फिल्म गर्न तयार भएँ', शाहले भनिन्, 'कथा र पात्रले मलाई फिल्मसँग जोडिन आकर्षित गर्छ ।'

उनले अभिनय गरेको यो पहिलो रोमान्टिक कमेडी अर्थात् रमकम फिल्म हो । अभिनेता नेपालले केही फिल्म, टेलिफिल्ममा काम गरे पनि मुख्य भूमिकामा अभिनय गरेको यो पहिलो फिल्म हो । हरि नामक पात्र कसरी ह्यारी बन्छ र जीवनको सपना पूरा गर्छ भन्ने संघर्षलाई फिल्ममा देखाइने निर्देशक डा. कपिल रिजालले बताए ।

'केही वर्षको सिकाइ र प्रतीक्षापछि निर्देशनमा पाइला टेकेको छु, म हाम्रो कला र संस्कृतिलाई अन्य भाषामार्फत विश्वभर लैजाने सोचमा छु', निर्देशक रिजालले भने । फिल्म नेपालीसहित हिन्दी, बंगाली, पञ्जाबी र मराठी भाषामा समेत प्रदर्शन हुने भएको छ । बिआर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको फिल्ममा अन्य कलाकारमा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समीक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको अभिनय रहेको छ ।



नेपाल टी-२० लिग

# विराटनगरलाई हराउँदै लुम्बिनी अल स्टार च्याम्पियन



■ प्रभाव संवाददाता

**काठमाडौं–** लुम्बिनी अल स्टार पहिलो संस्करणको नेपाल टी-ट्वान्टी क्रिकेट लिगको च्याम्पियन बनेको छ । टियु क्रिकेट मैदानमा बुधबार विराटनगर सुपर किंग्सलाई २४ रनले हराउँदै लुम्बिनीले उपाधि जितेको हो ।

लुम्बिनीले दिएको १ सय ३४ रनको लक्ष्य पछ्याएको विराटनगरले २० ओभरमा ८ विकेट गुमाएर १ सय ९ रन मात्र बनाउन सक्यो । विराटनगरका लागि अर्जुन साउदले ३४ रन बनाउँदा पृथु बास्कोटाले ३१ रन बनाए । हुसेन तलतले १३ रन बनाउँदा अन्यले दोहोरो अंकको रन बनाउँन सकेनन् ।

लुम्बिनीका लागि हरमित सिंह र सागर ढकालले समान दुई दुई विकेट लिए । विपुल शर्मा र किशोर महतोले समान एक एक विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको लुम्बिनीले १९.२ ओभरमा अलआउट भएर १ सय ३३ रन बनाएको थियो ।

लुम्बिनीका लागि लाहिरू मिलन्थाले २८ बलमा ४१ रन तथा हरमित सिंहले ३० रन बनाए । कप्तान दीपेन्द्र सिंह ऐरीले २० तथा इशान पाण्डेले १८ रन बनाए । उसका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

विराटनगरका लागि रान नानन र नन्दन यादवले समान दुई दुई तथा हुसेन तलत,कियोन जोशेफ,सुर्य तामाङ र कप्तान रोहित पौडेलले समान एक एक विकेट लिए ।

उपाधिसँगै लुम्बिनीले ५५ लाख नगद पुरस्कार प्राप्त गरेको छ । यस्तै उपविजेता विराटनगरले ३० लाख नगद पुरस्कार प्राप्त गरेको छ । नेपाल टी-२० लिग क्रिकेटमा विराटनगर सुपर किंग्सका मोहमद हुसेन तलत सर्वोत्कृष्ट खेलाडी भएका छन् ।

पाकिस्तानका तलतले प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी हुँदै ५ लाख रूपैयाँ नगद पुरस्कार पाएका छन् ।प्रतियोगिताको उत्कृष्ट ब्याटर फारवेष्ट युनाइटेटका हस्मतुल्लाह शाहिदी भए भने काठमाडौं नाइट्सका अभिनास बोहोरा उत्कृष्ट बलर बने ।


बोहराले ११ खेलमा १९ विकेट लिएका थिए । उनीहरूले जनही साढे २ लाख रूपैयाँ नगद पुरस्कार पाएका छन् । विराटनगरका सूर्य तामाङ उदीयमान खेलाडी बने । उनले १ लाख ८० हजार रूपैयाँ हात पारे । प्रतियोगिताको उपाधि भने लुम्बिनी स्टार्सले जितेको छ ।

पहिलो संस्करणको लिगमा ६ टोलीको सहभागिता रहेको थियो । पहिलो संस्करणमा काठमाडौं नाइट,पोखरा एभेन्जर्स,फार वेस्ट युनाईटेड,जनकपुर रोयल्स,विराटनगर सुपर किंग्स र लुम्बिनी अल स्टारले सहभागिता जनाएका थिए ।

एनभिए राष्ट्रिय भलिबल

# पुलिस समूह विजेता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल पुलिस क्लब सातौं एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपमा पुरुष तर्फ समूह विजेता बन्न सफल भएको छ । समूह सी को पुलिसले आफूले खेलेको तीनै खेलमा विजयी बन्दै ९ अंकका साथ समूह विजेता बनेको हो ।

पुलिसले अन्तिम खेलमा गण्डकी प्रदेश माथि रोमाञ्चक प्रतिस्पर्धामा २५-२३, २५-२१, २४-२६ र २५-१५ को जित निकालेको हो । अव पुलिसले क्वाटरफाईनलमा समूह ए को दावाँली मिलन केन्द्रसँग प्रतिस्पर्धा गर्नेछ ।

समूह सी कै अर्को खेलमा ढोरपाटन स्पोर्टस् क्लबले नव प्रवेशी न्यूटन भलिबल एकेडीलाई ३-२ ले पराजित गर्दै अंक बाँड्न बाध्य भयो । निकैनै सनसनीपूर्ण खेलमा ढोरपाटनले न्यूटनलाई २५-२३, २५-२०, १८-२५, २२-२५ र १५-९ ले पराजित गर्दै अंक बाडेको हो । एक खेल जित र एक खेल हारेको ढोरपाटनको २ अंक भएको छ भने न्यूटनको १ अंक रहेको छ । यस्तै गण्डकीको ३ अंक भएको छ । ग्रूप सी बाट दोस्रो भएर क्वाटरफाईनलको यात्रा गर्ने अर्को टोलीको छिनोफानो गण्डकी र ढोरपाटनविचको खेलबाट टुंगो लाग्ने छ ।

समूह डी को खेलमा टिपटप हेल्प नेपाल स्पोर्टस् क्लब दुई खेलमा विजयी बन्दै ६ अंकका साथ क्वाटरफाईनल प्रवेश गर्न सफल भएको छ । पहिलो खेलमा बुढानीलकण्ठ स्पोर्टस् क्लबलाई पराजित गरेको हेल्प नेपालले आज सम्पन्न दोस्रो खेलमा बागमती प्रदेशको केशवलाल स्मृति भलिबल क्लबलाई २५-१८, २५-१८ र २५-१३ ले पराजित गर्दै ६ अंकका साथ क्वाटरफाईनल प्रवेश गरेको हो ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको महिला तर्फको खेलमा समूह बी बाट त्रिभुवन आर्मी क्लब सेमिफाईनलमा प्रवेश गरेको छ । आज सम्पन्न खेलमा सेनाले गण्डकी प्रदेशलाई २५-११, २५-१० र २५-१५ ले पराजित गर्दै ६ अंकका साथ सेमिफाइनल यात्रा तय गरेको हो । यसअघी सेनाले कृष्ण सेकेन्डरी एकेडेमीलाई पराजित गरेको थियो ।

महिला तर्फको अर्को खेलमा एभरेष्ट भलिबल क्लबले नयाँबजार सामाजिक युथ क्लबलाई २५-१२, २५-१२ र २५-१४ ले पराजित गर्दै ३ अंक जोड्न सफल भयो । समूह ए मा रहेको एभरेष्ट च्याम्पियनसिपबाट बाहिरिएता पनि क्लबल लिगमा भने छनोट हुन सफल भएको छ ।

# कविताको कप्तानीमा मधेस टोली घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** कविता गौतमको कप्तानीमा मधेश प्रदेशले प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-ट्वान्टी प्रतियोगिताका लागि टोलीको घोषणा गरेको छ ।

मधेश प्रदेश क्रिकेट संघले कविताको कप्तानीमा १४ सदस्यीय टोलीको घोषणा गरेको हो । आगामी पुस २९ गतेबाट ईटहरीमा आयोजना हुने यस प्रतियोगितामा मधेश समूह 'बी' मा रहेको छ । मधेशको पहिलो खेल उद्घाटनको दिन नै प्रदेश नम्बर १ विरुद्ध रहेको छ ।

प्रतियोगिताको ७ माघमा फाईनल खेल रहेको छ । प्रतियोगिताको विजेताले ५ लाख र उपविजेता टोलीले ३ लाख रूपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिता सर्वोत्कृष्ट खेलाडीले ३० हजार तथा उत्कृष्ट ब्याटर र बलरले समान २०/२० हजार पाउनेछन् । प्रतियोगितामा प्रत्येक खेलका प्लेयर अफ द म्याचले ३ हजार प्राप्त गर्नेछन् ।

पुस २९ बाट सुरु हुने यस प्रतियोगितामा ८ टोलीको सहभागीता रहने छ । प्रतियोगितामा सात प्रदेश तथा एक विभागीय टोलीको सहभागीता रहने छ । जनता क्रिकेट पार्कमा हुने यस प्रतियोगितामा सहभागी ८ टोलीलाई दुई समूहमा विभाजन गराईएको छ । २ समूहका विजेता र उपविजेता सेमिफाईनल प्रवेश गर्ने छन् । प्रतियोगितामा १८ खेल आयोजना हुने छन् ।



डुबानमा घरहरू — अमेरिकाको क्यालिफोर्नियास्थित प्लानाडामा मंगलबार 'वायुमण्डलीय नदी'बाट आएको बाढीका कारण डुबानमा परेका घरहरूको हवाई दृश्य । *तस्बिरः एएफपी*

# 'अमेरिकी सीमा योजनाले आधारभूत मानवअधिकारलाई कमजोर पार्ने खतरा'

**जेनेभा–** संयुक्त राष्ट्रसंघका मानवअधिकार प्रमुखले बुधबार अमेरिकाको नयाँ सीमा कार्यान्वयन योजनाले अन्तर्राष्ट्रिय मानवअधिकार र शरणार्थी कानुनको आधारभूत जगलाई कमजोर पार्ने खतरा रहेको बताएका छन् ।

संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर तुर्कले भने, 'व्यक्तिको उत्पत्ति, आप्रवासनको स्थिति वा उनीहरू अन्तर्राष्ट्रिय सीमामा रहेका व्यक्तिले शरण लिन पाउने अधिकार मानवअधिकार हो ।'

गत हप्ता अमेरिकी राष्ट्रपति जो बाइडेनले टाइटल ४२ नामक विवादास्पद नियमलाई विस्तार गर्ने नयाँ योजनाको घोषणा गरेका थिए । यो योजनाले विनाअनुमति सीमामा देखिएका थप मानिसहरूलाई तुरुन्तै फिर्ता गर्न सम्भव भएको थियो । यो योजनाले प्रत्येक महिना लगभग ३० हजारभन्दा बढी भेनेजुयला, हाइटी, क्युबा र निकारागुआका मानिसहरूलाई मेक्सिकोमा द्रुतमार्गबाट फिर्ता गर्न अनुमति दिन्छ ।

'यी उपायहरू सामूहिक निष्कासनको निषेध र गैरपुनरुत्थानको सिद्धान्तसँग भिन्न देखिन्छन्,' तुर्कले भने । कसैलाई पनि यातना, क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय भोग्ने देशमा फर्कनु हुँदैन भन्ने गैरपुनरुत्थानको अन्तर्राष्ट्रिय सिद्धान्तमा उल्लेख छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यालय (युएनएचसिआर)ले भनेको छ, 'अमेरिकी अध्यागमन अधिकारीहरूले दक्षिणी सीमामा करिब २५ लाख आप्रवासी शरणार्थीविरूद्ध धारा ४२ को प्रयोग गरेर मानिसहरूलाई मेक्सिको वा उनीहरूको गृह देशमा निर्वासित गर्न प्रयोग गरिसकेका छन् ।

ह्वाइट हाउसले आप्रवासीसम्बन्धी आफ्नो कडा कदमले मानव तस्करहरूद्वारा ल्याइएका प्रायः खतरनाक यात्रापछि आउने आप्रवासी र शरण चाहनेहरूको उच्च संख्यालाई रोक्ने आशा गरेको छ । यद्यपि, वामपन्थी आलोचकहरूलाई रिझाउन बाइडेनले क्युबा, हाइटी, निकारागुआ र भेनेजुएलाबाट हरेक महिना ३० हजार आप्रवासीलाई अमेरिका प्रवेश गर्न दिइने बताएका छन् ।

यसका लागि पनि उनीहरूले आफ्नो देशमा आवेदन दिनुपर्नेछ, अमेरिकी प्रायोजक हुनुपर्नेछ र उनीहरूको पृष्ठभूमिबारे परीक्षण अनिवार्य हुनेछ । *रासस/एएफपी*

## पेरूका राष्ट्रपतिमाथि अनुसन्धान सुरू

**पुनो (पेरु)–** पेरुका राष्ट्रपति डिना बोल्वार्टेमाथि सरकार विरोधी प्रदर्शनमा दमन गरेको अभियोगमा अनुसन्धान थालिएको छ । गत डिसेम्बरदेखि भएका सरकारविरोधी प्रदर्शनमा कम्तीमा ४० जना मारिएपछि राष्ट्रपतिको भूमिकालाई लिएर छानबिन थालिएको हो ।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच सोमबार भएको झडपमा १८ जनाको मृत्यु भएपछि मंगलबार हिंसात्मक प्रदर्शन दबाउन सरकारले दक्षिणी पुनो क्षेत्रमा निषेधाज्ञा (कफर्यु) आदेश जारी गरेको छ । अपुरिमक, ला लिबर्टाड, पुनो, जुनिन, अरेक्विपा र अयाकुचो क्षेत्रमा सरकार विरोधी प्रदर्शनका क्रममा भएका दमनमा राष्ट्रपतिको भूमिकालाई लिएर अनुसन्धान भइरहेको सरकारी अभियोजन कार्यालयले जनाएको छ । डिसेम्बर ७ मा पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले बोल्वार्टेविरुद्ध आन्दोलन गर्दै आएका छन् ।

जारी विरोध प्रदर्शन दबाउन राज्यशक्तिको प्रयोग हुँदा कैयौं नागरिकको मृत्यु भएकामा पेरुस्थित राष्ट्रसंघीय कार्यालयले गहिरो चिन्ता व्यक्त गरेको छ । हिंसात्मक गतिविधि परित्याग गर्न सम्बद्ध पक्षलाई आग्रह गर्दै राष्ट्रसंघले शान्तिपूर्ण विरोध गर्ने अधिकार एवं आधारभूत मानवअधिकारको सम्मान गर्न आग्रह गरेको छ ।

पेरुका प्रभावशाली क्याथोलिक गिर्जाघरका नेताहरूले देशमा भड्किएको हिंसालाई मुलुक युद्धको अवस्थामा पुगेको टिप्पणी गरेका छन् । राज्य बर्बर बनेको आरोप लगाउँदै उनीहरूले संयमित हुन सम्बद्ध पक्षसँग अनुरोध गरेका छन् । पुनाको क्षेत्रीय सरकारले तीन दिनको शोकको घोषणा गर्दै राष्ट्रपति बोल्वार्टेलाई पदत्याग गर्न आह्वान गरेको छ। *रासस/एएफपी*

## पेरुमा प्रहरीलाई ज्युँदै जलाइयो

**लिमा–** पेरुमा सरकार विरोधी प्रदर्शनले हिंसात्मक रूप लिँदै गएपछि एक जना प्रहरी अधिकृतको ज्युँदै जलाएर हत्या गरिएको छ । पूर्वराष्ट्रपति पेड्रो कास्टिलोलाई अपदस्थ गरेपछि भड्किएको हिंसात्मक प्रदर्शनमा ४७ जना मारिएका छन् ।

एक जना सहकर्मीका साथ गस्तीमा रहेका २९ वर्षीय जोसे लुइस सोनको क्विस्पेलाई सोमबार राति बोलिभिया र टिटिकाका तालको सिमानामा रहेको सहर जुलियाकामा भीडले आक्रमण गरेर उनीहरूको गाडीमा आगो लगाएको थियो ।

करिब ३५० जना आक्रमणकारीले आफूहरूमाथि आक्रमण गरेका सोनका सहकर्मी रोनाल्ड विलासान्टे टोकले बताएका छन् । गम्भीर घाइते भएका उनले आफ्ना साथीको अवस्थाबारे आफूलाई जानकारी नभएको बताए । लिमास्थित अस्पतालमा उनको उपचार भइरहेको छ ।

प्रधानमन्त्री अल्बर्टो ओटारोलाले सोनकोको मृत्युको पुष्टि गर्दै सरकार प्रदर्शनकारीले उनीमाथि आक्रमण गरेका बताएका छन् । *रासस/एपी*

## प्रवेशाज्ञा बन्द गरेकामा जापानद्वारा चीनको आलोचना

**टोकियो–** चीनले आफ्ना नागरिकलाई प्रवेशाज्ञा दिन बन्द गरेकामा जापानले त्यसको विरोध गरेको छ । जापानी नागरिकलाई 'भिसा' दिन बन्द गर्ने चीनको कदमको आलोचना गर्दै टोकियोले बुधबार उक्त कदमको विरोध गरेको हो । साथै उसले उक्त निर्णय फिर्ता लिन बेइजिङसँग माग गरेको छ ।

चीनमा कोरोनाका बिरामी बढेकाले त्यहाँबाट आफ्नो भूमिमा प्रवेश गर्ने चिनियाँलगायत अन्यलाई कोभिड-१९ परीक्षणको नकारात्मक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने बाध्यकारी नियम लगाएपछि चीनले पनि त्यसको प्रतिवाद गर्दै प्रवेशाज्ञा दिन बन्द गरेको हो ।

चीनले मंगलबार जापान र दक्षिण कोरियाली नागरिकलाई भिसा नदिने सूचना जारी गरेको थियो । जापानले चीनको उक्त निर्णयलाई प्रतिशोधात्मक एवं खेदजनक कदम भनेको छ । टोकियोले कूटनीतिक माध्यमबाट चिनियाँ निर्णयको विरोध गर्दै तत्काल निर्णय सच्च्याउन माग गरेको सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले बताए ।



सोलस्थित चिनियाँ दूतावासले मंगलबार अनलाइन पोस्ट गरेको संक्षिप्त सूचनाअनुसार दक्षिण कोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जाने प्रवेशाज्ञा निलम्बन गरिएको छ। सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ ।

चीनबाट कोरिया जान चाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना संक्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरूप व्यवहार गर्ने बताएको छ। विश्व स्वास्थ्य संगठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्यांक नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना संक्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेस गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ। महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशंकित भएको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए। केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख सहरमा विरोध प्रदर्शन भएका थिए । कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए । *रासस/एएफपी*


### माईग्रेसन हराएको सूचना

मिति २०७९/०८/१० गते सोल्टीमोडदेखि धोबीचौरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : आयुषा श्रेष्ठ**
**ठेगानाः का.म.न.पा–१५, काठमाडौं**
**रजिस्ट्रेसन.नं.: ७७२५३१०४५**
**सिम्बोल.नं.: २२५०५८८९**
**सम्पर्कः ९८६५५४०१११**

### कम्पनीको नाम परिवर्तन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

यस कम्पनीको मिति २०७७/०९/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **एस्पायर एजुकेशन प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **अचिभअन एजुकेशन प्रा.लि**. (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०६/१० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अचिभअन एजुकेशन प्रा.लि.(प्रा.लि.नं.१६४७८९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HERO WASH CO. FOR DETAILING AND PROTECTION CARS CO. W.L.L.

पूर्व स्वीकृति मिति २०७८/०७/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 249869 चलानी नं. ६०१६८६२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Washing Worker (Male) | 4 | 0 | 120 | ५१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL NOOR OVERSEAS
श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZADDA MARVELOUS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 273504 चलानी नं. ६०१८९३२३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Wholesale & Retail Worker | 16 | 0 | 1500 | ४४,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd.
श्रम ईजाजत नं ११९/०५५/०५६

**ASIA LINK SERVICES PVT. LTD.**
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHD. YOUSUF KAFOOD & SONS TRADING AND CONTRACTING CO WLL

पूर्व स्वीकृति मिति २०७९/०९/२६ LT. No. :279382 चलानी नं. ६०१९४८८४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labor | 6 | 0 | 1000 | ३५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Storekeeper | 6 | 0 | 1900 | ६८,११५ | | | | | | | |

कम्पनी : DREAM & GUID HOSPITALITY AND TRADING AND CONTRACTING W.L.L

पूर्व स्वीकृति मिति २०७९/०९/२६ LT. No. :279381 चलानी नं. ६०१९४८८६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Electrician | 1 | 0 | 1100 | ३९,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ८९,६२५ | | | | | | | |
| 3 | General Clean Worker | 1 | 0 | 1000 | ३५,८५० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ३५,८५० | | | | | | | |
| 5 | Mason | 4 | 0 | 1100 | ३९,४३५ | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1100 | ३९,४३५ | | | | | | | |
| 7 | Plaster Worker | 5 | 0 | 1100 | ३९,४३५ | | | | | | | |
| 8 | Receptionist | 1 | 0 | 1100 | ३९,४३५ | | | | | | | |
| 9 | Sales Representative | 1 | 0 | 2100 | ७५,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dream & Guide System Pvt. Ltd.
श्रम इजाजत न. ६७१/०६३/०६४

**Dream & Guide System Pvt. Ltd.**
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIBSONS INTERNATIONAL LLC

पूर्व स्वीकृति मिति २०७८/१०/१७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२७ LT. No. 254304 चलानी नं. ६०१७७९९९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 40 | 0 | 1300 | ४६,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 40 | 0 | 1300 | ४६,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ ५ गते (19th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु १५,०००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Sama International Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-4490538
Email : allsamaoffice2010@gmail.com, devraj1974@gmail.com, Website : www.alsamainternational.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १०३२०० | प्रति तोला – १०२७०० | प्रति तोला – १३६५

## नेपाल इन्भेस्टमेण्ट मेगा बैंकको एकीकृत कारोबार सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल इन्भेस्टमेण्ट बैंक र मेगा बैंक नेपाल लिमिटेड दुई बैंक मर्ज भई नेपाल इन्भेस्टमेण्ट मेगा बैंकको नामबाट विधिवत रूपमा एकीकृत कारोबार सुरु गरेका छन् । 'समृद्धिको पथमा सँगै अघि बढ्दै' भन्ने नाराका साथ एकीकृत कारोबार सुरु गरेको यस बैंकले एकता र उत्कृष्टतालाई जोड दिएको एकीकृत कारोबारको सुरु गर्दै सञ्चालकहरूले बताएका छन् ।

काठमाडौंमा आयोजित विशेष कार्यक्रममा नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेडका अध्यक्ष पृथ्वीबहादुर पाँडे र मेगा बैंक नेपाल लिमिटेडका अध्यक्ष भोजबहादुर शाहले संयुक्त रूपमा एकीकृत कारोबार सुरु भएको घोषणा गरेका थिए । दुई बैंकबीच शेयर स्वाप अनुपात १००:९० रहेको छ । मर्जरपछि बनेको नयाँ बैंकको अध्यक्षमा साविक नेपाल इन्भेस्टमेण्ट बैंककै अध्यक्ष पृथ्वीबहादुर पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहेका छन् ।

नयाँ सञ्चालक समितिमा दुबै बैंकको सञ्चालकहरूको प्रतिनिधित्व रहने गरी नेपाल इन्भेस्टमेण्ट बैंकको तर्फबाट प्रजन्य राजभण्डारी, कवि कुमार टिब्रेवाला र मेगा बैंकको तर्फबाट गोपाल खनाल, मदन कुमार आचार्य र मुक्ति राम पाण्डे रहेका छन् । त्यसैगरी साविक नेपाल इन्भेस्टमेण्ट बैंकमा स्वतन्त्र सञ्चालकको रूपमा रहेकी मञ्जु बस्नेत नै अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालक रहेकी छिन् ।

बैंकिंग क्षेत्रमा अग्रणी बैंकहरूको रूपमा सबल एवम् सक्षम संस्थाको रूपमा सुपरिचित रहिआएका दुबैं बैंक एक आपसमा गाभिए पश्चात देशकै ठूला वाणिज्य बैंकहरूमध्येको एक हुँदै सम्पूर्ण वित्तिय सुचकहरूमा अग्रता हासिल गर्न सक्षम हुनेछ भन्ने धारणा अध्यक्ष पाँडेले व्यक्त गरे । यसका साथै उनले यो मर्जरले वित्तीय क्षेत्रमा थप उर्जा प्रदान गर्नुका साथै नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकहरूलाई समेत मर्जरका लागि प्रेरित गरेको बताएका थिए ।

यसैगरी, मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले यो मर्जर देशको बैंकिंग क्षेत्र र अर्थतन्त्रका लागि सुखद र सकारात्मक कदम भएको बताएका थिए । मर्जरपछि दुवै बैंकको नाम र काम अनुसारको गरिमालाई उच्च कायम राख्न दुबै बैंकमा रहेका असल परम्परा, संस्कार, ग्राहकहरूको सेवा, कर्मचारी व्यवस्थापन जस्ता सकारात्मक पक्षहरूलाई अंगीकार गर्नुका साथै शेयरधनिहरूको प्रतिफलमा न्यायोचित वृद्धि र निरन्तरता दिँदै जाने विश्वास उनले लिएका थिए ।

मर्जरका लागि हौसला दिने तथा साथ एवं सहयोग पुर्‍याउने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, दुबै बैंकका सञ्चालक समिति, मर्जर समिति, कर्मचारीवर्ग लगायत सम्बन्धित सम्पूर्ण क्षेत्र तथा शुभेच्छुकहरूप्रति दुबैं बैंकका अध्यक्षहरूले संयुक्तरूपमा आभार व्यक्त गरेका थिए ।

मर्जर पश्चात बैंकको कुल चुक्ता पुँजी रु. ३४.१२ अर्ब, कुल पूँजी रु. ५८ अर्बभन्दा बढी र कूल सम्पत्ति रु. ४ खर्ब ७१ अर्ब, त्यसैगरी कुल निक्षेप रु. ३६०.२ अर्ब तथा कर्जा लगानी रु. ३२९.०६ अर्ब गरी कुल ३० लाख ग्राहकहरूलाई सेवा प्रदान गर्दै नेपाल इन्भेस्टमेण्ट मेगा बैंक देशकै ठूला वाणिज्य बैंकहरूमध्येको एक अग्रणी बैंक बनेको छ । त्यसैगरी मर्जरपछि बैंकको शाखा संख्या २९६ पुगेको छ भने एक्सटेन्सन काउन्टर ५९, शाखारहित बैंकिंग सेवा १०९ तथा एटिएम सञ्जाल २७९ पुगेको छ । निकटतम भविष्यमा थप शाखा सञ्जाल विस्तार गरी देशका ७७ वटै जिल्लाहरूलाई समेटेर हरेक नेपालीलाई वित्तिय पहुँच सुनिश्चित गरिने प्रतिबद्धता बैंकले जनाएको छ ।

## नेपालको आर्थिक वृद्धि ५.१ प्रतिशत रहने प्रक्षेपण

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालको आर्थिक वृद्धिदर आर्थिक वर्ष सन् २०२२/०२३ मा पाँच दशमलव एक र २०२३/०२४ मा चार दशमलव नौ प्रतिशत रहने प्रक्षेपण सार्वजनिक भएको छ ।

विश्व बैंकले मंगलबार 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट' प्रतिवेदन सार्वजनिक गर्दै यस्तो प्रक्षेपण गरेको हो । आव २०२१/०२२ मा नेपालले पाँच दशमलव आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने अनुमान रहेको पनि विश्व बैंकले जनाएको छ ।

विश्व बैंकको अघिल्लो प्रक्षेपणको तुलनामा नयाँ प्रक्षेपणले नेपालको मात्र नभई विश्व आर्थिक वृद्धिदरमा समेत संकुचन आउने देखाएको छ । नयाँ प्रक्षेपणअनुसार सन् २०२३ मा विश्व आर्थिक वृद्धिदर एक दशमलव सात प्रतिशतमा खुम्चने छ । जुन अघिल्लो अनुमानभन्दा एक दशमलव तीन प्रतिशत विन्दुले न्यून हो । विश्व बैंकले छ महिनाअघि अर्थात् गत जुन महिनामा मात्र विश्व आर्थिक वृद्धिदर तीन प्रतिशत रहने अनुमान सार्वजनिक गरेको थियो । सन् २०२४ मा भने विश्व आर्थिक वृद्धिदर दुई दशमलव सात प्रतिशत रहने प्रक्षेपण छ ।

ग्लोबल इकोनोमिक प्रस्पेक्ट प्रतिवेदनअनुसार रुस-युक्रेन युद्ध र कोभिड महामारीको प्रभावलाई न्यून आर्थिक वृद्धिदरको मुख्य कारणका रूपमा हेरिएको छ । त्यस्तै, उच्च मूल्यवृद्धि, उच्च ब्याजदर, न्यून लगानी, आपूर्ति शृंखलामा देखिएको अवरोधलगायतका कारणले पनि आर्थिक वृद्धिदरमा गिरावट आएको विश्व बैंकले जनाएको छ ।

सन् २००९ को विश्व आर्थिकमन्दी र २०२० मा महामारीका कारण न्यून देखिएको आर्थिक वृद्धिदरपछि यस वर्ष सबैभन्दा कम आर्थिक वृद्धिदर रहेको पनि विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । 'सन् २०२३ को आर्थिक वृद्धिदरको अनुमान पछिल्लो तीन दशक अवधिमा देखिएको तेस्रो ठूलो गिरावट हो । विश्व आर्थिक वृद्धिदर सन् २००९ र २०२२ यताकै यस वर्ष सबैभन्दा कम हो', प्रतिवेदनमा भनिएको छ ।

विश्व बैंकको प्रक्षेपणअनुसार भारतमा सन् २०२३ मा छ दशमलव छ प्रतिशत र सन् २०२४ मा छ दशमलव एक प्रतिशत आर्थिक वृद्धिदर रहने छ । त्यस्तै, पाकिस्तानमा सन् २०२३ मा दुई प्रतिशत र सन् २०२४ मा तीन दशमलव दुई प्रतिशत वृद्धिदर रहने अनुमान गरिएको छ । त्यस्तै, बंगलादेशमा सन् २०२३ मा पाँच दशमलव दुई र सन् २०२४ मा छ दशमलव दुई प्रतिशत आर्थिक वृद्धिदर रहने विश्व बैंकको प्रक्षेपण छ ।

उदयपुर अस्पताल
गाईघाट, उदयपुर
प्रदेश नं.-१, नेपाल
सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश
नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नें।"
नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

## कर्पोरेट

### नेपालमा पानासोनिक लाइफ सोलुसन्सको शोरूम स्थापना



**काठमाडौं (प्रस)–** पानासोनिक लाइफ सोलुसन्स इण्डिया प्रालिले नेपालमा पनि आफ्नो पहिलो अन्तर्राष्ट्रियस्तरको इन्टेरियर सोलुसनको शोरुम स्थापना गरेको छ । कम्पनीले नेपालस्थित आधिकारिक बिक्रेता रुक्मिणी इन्टरनेशनसँगको सहकार्यमा टेकुको तारा भवनमा २१ औ शोरुमको बिहीबार उद्घाटन गरेको हो । पानासोनिक लाइफ सोलुसन्स इण्डियाले सन् २०२३ भित्र दक्षिण एसियाली मुलुक सार्क क्षेत्रमा ३१ शोरुम सञ्चालनमा ल्याउने लक्ष्य लिएको छ ।

पानासोनिक सोलुसन्स इण्डिया भारतमा विद्युतीय निर्माण सामग्री(इसिएम) को सबैभन्दा ठूलो घरेलु उत्पादकमध्ये एक हो । इसिएमबाहेक कम्पनीले भारतमा विभिन्न प्रकारका स्मार्ट इलेक्ट्रोनिक्स, पावर, हाउसिङ, इनर्जी र होम अटोमेसन सोलुसनमा पनि काम गर्दै आएको छ । अत्याधुनिक उत्पादन डिजाइनसाथ शोरुमले उच्चस्तरीय पानासोनिक उत्पादनहरू जस्तै मोड्युलर किचेन, वार्डरोब, इलेक्ट्रोनिक ट्वाइलेट सिट(इएसटी), लुगा सुकाउने प्रविधि, रिभोल्भिङ सुज र्‍याकलगायतका हाउजिङ सोलुसनको सेवा प्रदान गर्ने कम्पनीले जनाएको छ । हरेक क्षेत्रमा नयाँ नयाँ प्रविधिप्रति उपभोक्ताको आकर्षण बढ्दोक्रममा रहेको र नेपालमा पनि प्रविधिप्रति उपभोक्ताको वढ्दो आकर्षणलाई मध्यनजर गर्दै सोरुम सञ्चालनमा ल्याएको कम्पनीको भनाइ छद्ध । कम्पनीले प्रारम्भिक चरणमा सहरी उपभोक्तालाई नवीन आवास समाधान प्रदान गर्ने लक्ष्य लिएको छ । पानासोनिक लाइफ सोलुसन्सको विश्वव्यापी विशेषज्ञताले काठमाडौंका रियलस्टेट व्यवसायी, आर्किटेक्ट, इन्टेरियर डिजाइनर र उपभोक्तालाई परिस्कृत सुरक्षा, आराम र सुविधाको अनुपम अनुभव प्रदान गर्ने उत्प्रेरकका रूपमा काम गर्ने कम्पनीको दाबी छ ।

पानासोनिक लाइफ सोलुसन्स इण्डियाको साझेदार नेपालस्थित रुक्मणी इन्टरनेशनलका आदित्य बुधियाले भन्नुभयो'रुक्मिणी इन्टरनेशनल पानासोनिक लाइफ सोलुसन्स इण्डियाको नयाँ साझेदारीबाट निकै उत्साहित छ । प्यानासोनिक लक्जरी किचेन्स एसियाली आवासका लागि निकै उपयोगी छन्, जसले राम्रो डिजाइन गरिएका गुणस्तरीय किचनमा कार्यक्षमता खोज्ने ग्राहकको माग पूरा गर्नेछ । हामी यसका ब्रान्डका लागि ठूलो अपेक्षासाथ आएका छौं ।'

### युनाइटेड इन्स्योरेन्सको २९ औं साधारण सभा सम्पन्न

**काठमाडौं (प्रस)–** युनाइटेड इन्स्योरेन्स कं. (नेपाल) लि. को २९ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । राजधानीमा सम्पन्न साधारण सभामा सञ्चालक समितको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रभाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरू पारित गरियो । आर्थिक वर्ष २०७९/८० का लागी बाह्य लेखापरीक्षक नियुक्त गरिएको थियो ।




साधारणसभाले बोनस शेयर पारित गर्नुका साथै कम्पनीको संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात बमोजिम सञ्चालक समितिको गठन गर्ने तथा सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र, नियमावलीमा आवश्यक संशोधन गर्ने निर्णय सर्वसम्मतले पारित गरेको थियो ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ